# ५ वर्षे गाउँ शिक्षा योजना

# (२०७९/०८० - २०८३/८४)

बङ्गलाचुली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

*कमिरेचौर दाङ*

लुम्विनी प्रदेश, नेपाल

## अध्यक्षको मन्तव्य

नेपालका संविधान २०७२ ले शिक्षालाई व्यक्तिको मौलिकहकको रुपमा स्थापतिगर्दै आधारभूततहसम्मको शिक्षाअनिवर्या तथानिःशुल्क र माध्यमिकतहसम्मको शिक्षा निःशुल्क रुपमा पाउने व्यवस्थ गरेको छ । माध्यमिक तह सम्मको शिक्षाको संचालन, व्यवस्थापन, रेखदेख एवं नियमनगर्ने अधिार स्थानीय सरकारलाई दिइएको छ । जनताको सवै भन्दानजिकको सरकार स्थानीय तह भएकोले जनतालाई सर्वसूलभ, गुणस्तरिय र जीवन उयोगी शिक्षा उपलब्ध गराउनु स्थानीय सरकारको कर्तव्य हुन आउछ ।

बंगलाचुली गाउँपालिकामा अध्यक्ष निर्बाचित भएर आउने बित्तिकै पालिकाको पाँच बर्षे शिक्षा क्षेत्र योजना २०७९/०८०–२०८३/०८४ निर्माण सम्पन्न गरी आगामी बर्ष देखि कार्यन्वयनको चरणमा लैजाने अबसर पाउदा ज्यादै खुशी लागेको छ । यस गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र बिकास गर्ने उद्देश्यले आर्थिक बर्ष २०७८/०७९ मा गाउँपालिकाको पाँच बर्षे योजना निर्माण गर्न बजेट बिनियोजन गर्ने काम गरी बंगलाचुली गाउँपालिका शिक्षा समितिको बैठकले श्री शोभाराज विश्वकर्माको संयोजकत्वमा शिक्षा योजना निर्माण कार्यदल गठन गरेको, पालिकाले शिक्षा योजना निर्माणमा कार्यदललाई प्राबिधिक सहयोग उपलव्ध गराउन महेन्द्र बहुमुखी क्याम्पस दाङका उपप्राध्यापक श्री पुस्कर कुमार खड्कालाई विज्ञको रुपमा नियुक्त गरेर काम सम्पन्न हुने चरणमा म लगायतको नयाँ टिम निर्बाचित भई आएर कार्य सम्पन्न गर्ने अबसर मिलेको छ । शिक्षा योजना निर्माण कार्यदल र परामर्शदाताले शिक्षा क्षेत्रमा सरोकार राख्ने वंगलाचुली गाँउपालिका अन्तर्गतका बिद्यालयहरुका प्रधानाध्यापकहरु लगायत शिक्षा सरोकारवाला संग चरण चरणमा अन्तरक्रिया कार्यशालाको आयोजना गरी शिक्षा योजना निर्माण गर्दा समाबेश गर्नुपर्ने बिषयमा बिस्तृत खाका तयार गर्नुका साथै राय सुझाव लिने काम समेत गरी यो योजना निर्माण सम्पन्न गर्न सफल भएकोमा म सबैलाई बिशेष धन्यबाद दिन चाहन्छु । यस पाँचबर्षे शिक्षा योजनालाई यसै बर्षको पालिका सभाबाट कार्यन्वयनमा लगिने मेरो प्रतिबद्धता छ । पाँचबर्षे शिक्षा योजना यस गाउँपालिकाको एक देखीने उपलव्धीमुलक काम भएको छ । यसले आगामी दिनमा शिक्षा क्षेत्रको समग्र बिकासमा टेवा त पुऱ्याउने छ नै साथै बजेट बिनियोजनामा एकद्धार प्रणाली लागु भई योजनामा हुने दोहोरोपनको समेत अन्त्य गर्नेछ भन्ने बिश्वास लिएको छु । यस योजना निर्माणमा बिशेष भुमिका निर्बाह गर्नुहुने शिक्षायुवा तथा खेलकुद शाखा प्रमुख श्री ओम प्रकाश के.सी. र परामर्शदाता (शिक्षा बिज्ञ) महेन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक श्री पुस्कर कुमार खड्का लगायत योजना निर्माण कार्यदललाई हार्दिक धन्यबाद दिन चाहन्छु । यस योजनाले वंगलाचुली गाउँपालिकाले अघि सारेको गुणस्तरिय तथा सर्बसुलभ शिक्षा नितिलाई सम्वोधन गरी वंगलाचुली गाउँपालिकामा सक्षम जनसक्ति बिकासमा मद्यत मिल्ने छ भन्ने अपेक्षा गर्दछु ।

......................

(तुल्सीराम पुन)

गाउँ पालिका प्रमुख

## प्रमुख प्रशासकिय अधिकृतको मन्तव्य

शिक्षाले व्यक्ति समाज र राष्ट्रको परिवर्तन गर्न महत्वपूर्ण भूमिका खेल्ने हुँदा प्रत्येक व्यक्तिलाई गुणस्तरिय शिक्षा प्रदान गर्नु स्थानीय सरकारको जिम्मेवारी हुन आउँछ । शिक्षका समग्र पक्षको विकासका लागि स्पष्ट शिक्षा नीति, योजना र लगानीको आवश्यकता पर्दछ । वंगलाचुली गाउँपालिकाको शिक्षा क्षेत्रमादिगो तथा योजनाबद्ध बिकासको अवधारणा अनुसार वंगलाचुली गाउँपालिकाले यस आर्थिक बर्ष २०७८/०७९मा गाउँपालिकाको पाँचबर्षे शिक्षा योजना निर्माण सम्पन्न गरिएको छ । यस क्षेत्रका शिक्षा सरोकारवालाहरुको प्रत्यक्ष संलग्नतामा वंगलाचुली गाउँपालिकाको आगामी पाँच बर्षको गाउँपालिका शिक्षा योजना २०७९/०८०-२०८३/०८४ को मस्यौदा तयार गरी अन्तिम रुप दिईएको छ । यसलाई यसै बर्षको गाउँकार्यपालिका सभाबाट आगामी बर्ष देखी कार्यन्वयनमा लैजाने गरी प्रस्ताव गरिने छ । यसले शिक्षा क्षेत्रमा योजनाबद्ध बिकासमा मद्दत पुग्नेछ भन्ने बिश्वास लिएको छु । गाउँपालिकाको सिमित श्रोत साधनका बिच गाउँपालिका कै सकृयतामा दिर्घकालको सोच राखेर अघि बढ्ने कुरालाई यस योजनाले मार्ग प्रसस्त गरेको छ । गाउँपालिकाले यसै गरी स्वास्थ्य योजना, कृषि योजना लगायत अन्य दिर्घकालिन योजनाहरु समेत निर्माण गरी गाउपालिका बासीको जीवनस्तर सुधारमा कामगर्ने जमर्को गरिरहको छ । यस योजनामा शिक्षा क्षेत्रका समस्या पहिचान गर्ने, समस्या समाधानका रणनीतिहरु तयार गरी रणनितिलाई सहयोग पुग्ने मुख्य क्रियाकलापहरु गरी समस्या समाधान गर्ने प्रयास गरिएको छ । जुन यस क्षेत्रका निर्बाचित जनप्रतिनिधीहरु, सम्वन्धित सरोकारवालाहरु र लक्षितबर्ग सबैको सामुहिक प्रयासबाट मात्र संभवभएको हो । यो योजनालाई मेरो अनि हाम्रो योजना ठानी सबै सरोकार वालाहरु कार्यन्वयनमा जुटेर लक्ष प्राप्त गर्न जागरुक हुनु हुनेछ भन्ने अपेक्षा लिएको छु । यस शिक्षा योजना निर्माणको सुरुवाती पहल गर्ने निवर्तमान गाँउ पालिका अध्यक्ष श्री भक्त वहादुर वली, निवर्तमान उपाध्यक्ष श्री यमुना थापा मगर, योजना निर्माणमा दत्तचित्त भएर लाग्नुहुने शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री ओम प्रकाश के.सी., कार्यदलका संयोजक शोभाराज विश्वकर्मा र कार्यदलमा शिक्षा बिज्ञको रुपमा काम गर्नु हुने महेन्द्र बहुमुखी क्याम्पस दाङका उपप्राध्यापक श्री पुस्कर कुमार खड्का लगायतको टिमलाई बिशेष धन्यबाद दिन चाहन्छु । त्यसै गरि यस पाँच बर्षे शिक्षा योजनालाई सम्पन्न गर्न सवै प्रकारको सहयोग गर्ने बर्तमान अध्यक्ष तुल्सीराम पुन र वर्तमान उपाध्यक्ष श्री भक्त वहादुर जि.सी.लाई धन्यवाद दिन चाहान्छु । यस योजनालाई कार्यन्वयनमा ल्याएर बंगलाचुली गाउँपालिकाको शिक्षा क्षेत्रको बिकासमा जुट्न सबै सरोकारवाला तथा गाउँपालिका परिबारलाई हार्दिक आग्रहगर्दछु । यस योजनाले वंगलाचुली गाउँपालिकामा सक्षम र शिप युक्त जनसक्ति उत्पादन तथा बिकासमा मद्दत मिल्ने छ भन्ने अपेक्षा गर्दछु ।

.............................

विष्णु प्रसाद पाण्डेय

प्रमुख प्रसासकिय अधिकृत

## कृतज्ञता

नेपाल सरकार लुम्विनी प्रदेश बंगलाचुली गाउँपालिका दाङको शिक्षा युवा तथा खेलकुद शाखाले वंगलाचुली गाउँपालिकाको समग्र शैक्षिक बिकास गर्ने उद्देश्यले आर्थिक बर्ष २०७८/०७९मा पाँच बर्षे गाउँपालिका शिक्षा योजना २०७९/८०-२०८३/०८४ निर्माणका लागि बजेट बिनियोजन गरी योजना निर्माण गर्ने काम सम्पन्न गरेको छ । यस कार्यका लागि वंगलाचुली गाउँपालिका शिक्षा समितिले पालिका अध्यक्ष श्री भक्त वहादुर वलीको संयोजकत्वमा७ सदस्यीयकार्यदल गठन गरेको थियो । साथै वंगलाचुली गाउँपालिकाले कार्यदललाई शिक्षा योजना निर्माणमा प्राबिधिक परामर्श दाताको रुपमा काम गर्न वंगलाचुली गाउँपालिकामा सूचिकृत परामर्शदाता महेन्द्र बहुमुखी क्याम्पस दाङको उपप्राध्यापक म पुस्कर कुमार खड्कालाई जिम्मेबारी प्रदान गरेको थियो । शिक्षा योजना निर्माण कार्यदलमा परामर्शदाताको जिम्मेबारीमा रहेर योजनानिर्माणको काममा जुट्दा वंगलाचुली गाउँपालिकाको शिक्षा क्षेत्रलाई नजिकबाट बुझ्ने अबसर प्राप्तभयो । योजनानिर्माण गर्नेक्रममा यस क्षेत्रका शिक्षा सरोकार वालाहरु, शिक्षा समिति तथा गाउँपालिका शिक्षाशाखामा उपलव्ध तथ्याङ्का साथै योजना निर्माणका लागि आबश्यक पर्ने थप तथ्याङ्क संकलन गरी बिश्लेषण गर्ने काम गरियो । साथै कार्यदलले योजना बिज्ञसंगको परामर्श, नेपाल सरकार, पालिका तथा पालिकाका सहयोगी निकायबाट शिक्षा क्षेत्रमा भईरहेका तथा गर्नुपर्ने क्रिया कलापलाई सहयोग गर्ने गरी बजेट तथा श्रोत समेतको बिश्लेषण गरी नेपाल सरकार शिक्षा तथा मानवश्रोत बिकास केन्द्रले बिकास गरेको ढाँचामा शिक्षा योजनाको मस्यौदा तयार गर्ने काम सम्पन्न भएको छ । सो मस्यौदालाई गाउँपालिकाको कार्यपालिकामा छलफल गराई कार्यपालिका छलफलमा आएका थप सुझावलाई समेत समेटेर गाउँपालिका सभामा पेश गरी सभाबाट कार्यन्वयनमा ल्याउने सहमति जुटेको छ । शिक्षा योजना निर्माणका लागि वजेट विनियोजन गरी मलाई विज्ञको रुपमा जिम्मेवारी प्रदान गर्नुहुने वंगलाचुली गाउँपालिकाका निबर्तमान अध्यक्ष श्री भक्त वहादुर वली, निवर्तमान उपाध्यक्ष श्री यमुना थापा मगर, शिक्षा योजना सम्पन्न गर्न सहयोग गर्नुहुने बर्तमान अध्यक्ष तुल्सीराम पुन, वर्तमान उपाध्यक्ष श्री भक्त वहादुर जि.सी. सरुवाभई दाङ जानु भएका प्रमुख प्रसासकिय अधिकृत श्री रेवत वहादुर वुढाथोकी, वर्तमान प्रमुख प्रसासकिय अधिकृत विष्णु प्रसाद पाण्डेय, कार्यदलका सम्पुर्ण सदस्यहरु लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पुर्ण पालिका परिबार प्रति बिशेष धन्यबाद दिन चाहन्छु ।

आशा छ, यो पाँचबर्षे शिक्षा योजना आगामी बर्षबाट कार्यन्वयनमा ल्याउन वंगलाचुली गाउँपालिका सभा एक मतका साथ सहमत हुनेछ ।

पुस्कर कुमार खड्का
उप-प्राध्यापक/परामर्शदाता
महेन्द्र वहुमुखि क्याम्पस, दाङ

# विषय सूची


शीर्षक पृष्ठ

परिच्छेद-एक : परिचय

१. १पृष्ठभूमि

१.२ संक्षिप्त परिचय

१.३ शैक्षिक स्थिति

१.४ विद्यालय शिक्षाकाअवसरतथा चेनौतिहरु

परिच्छेद-दुई :  नयाँ शिक्षा योजना

२.१ सन्दर्भ र औचित्य

२.२ दिर्घकालीन सोच

२.३ उद्देश्यहरु

२.४ रणनितिहरु

२.५ कार्यनितिहरु

२.६ शेक्षिक सुचाङ्क र लक्ष्यहरु

परिच्छेद-तीन : शिक्षाका क्षेत्रहरु

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.१.१ उद्देश्यहरु

३.१.२ रणनितिहरु

३.१.३ अपेक्षित उपलब्धिहरु

३.१.४ मुख्य क्रियाकलापहरु

३.२ आधारभूतशिक्षा

३.२.१ उद्देश्यहरु

३.२.२ रणनितिहरु

३.२.३ अपेक्षित उपलब्धिहरु

३.२.४ मुख्य क्रियाकलापहरु

३.३ माध्यमिक शिक्षा

३.३.१ उद्देश्यहरु

३.३.२ रणनितिहरु

३.३.३ अपेक्षित उपलब्धिहरु

३.३.४ मुख्य क्रियाकलापहरु

३.४ प्राविधिक र व्यवसायिक शिक्षा तथा सिप विकास

३.४.१ उद्देश्यहरु

३.४.२ रणनितिहरु

३.४.३ अपेक्षित उपलब्धिहरु

३.४.४ मुख्य क्रियाकलापहरु

३.५ अनौपचारीक शिक्षा र जीवन पर्यन्त सिकाई

३.५.१ उद्देश्यहरु

३.५.२ रणनितिहरु

३.५.३ अपेक्षित उपलव्धिहरु

३.५.४ मुख्य क्रियाकलापहरु

परिच्छेद-चार : शिक्षाका अन्तरसम्वन्धित क्षेत्रहरु

३.४ पठ्यक्रम तथा मूल्यांकन

३.४.१ उद्देश्यहरु

३.४.२ रणनितिहरु

३.४.३ अपेक्षित उपलव्धिहरु

३.४.४ मुख्य क्रियाकलापहरु

३.५ शिक्षक व्यवस्थापन र पेशागत विकास

३.५.१ उद्देश्यहरु

३.५.२ रणनितिहरु

३.५.३ अपेक्षित उपलव्धिहरु

३.५.४ मुख्य क्रियाकलापहरु

३.६ शिक्षामा समतामुलक समावेशीकरण

३.६.१ उद्देश्यहरु

३.६.२ रणनितिहरु

३.६.३ अपेक्षित उपलब्धिहरु

३.६.४ मुख्य क्रियाकलापहरु

३.७ आपतकालिन तथा संकटपुर्ण अवस्थामा शिक्षा

३.७.१ उद्देश्यहरु

३.७.२ रणनितिहरु

३.७.३ अपेक्षित उपलब्धिहरु

३.७.४ मुख्य क्रियाकलापहरु

३.८  शिक्षामा भौतिक पूर्वाधार विकास

३.८.१ उद्देश्यहरु

३.८.२ रणनितिहरु

३.८.३ अपेक्षित उपलब्धिहरु

३.८.४ मुख्य क्रियाकलापहरु

३.९ शिक्षामा सूचना र प्रविधि

३.९.१ उद्देश्यहरु

३.९.२ रणनितिहरु

३.९.३ अपेक्षित उपलब्धिहरु

३.९.४ मुख्य क्रियाकलापहरु

परिच्छेद- पाँच : संस्थागत संरचना, क्षमता विकास र अन्तर सम्वन्ध

५.१ उद्देश्यहरु

५.२ रणनितिहरु

५.३ अपेक्षित उपलब्धिहरु

५.४ मुख्य क्रियाकलापहरु

परिच्छेद- छ : लगानी र स्रोत व्यवस्थापन

६.१ उद्देश्यहरु

६.२ रणनितिहरु

६.३ अपेक्षित उपलब्धिहरु

६.४ मुख्य क्रियाकलापहरु

परिच्छेद-सातः शिक्षा योजनाको कार्यान्वयन, अनुगमन र मूल्यांकन

७.१ उद्देश्यहरु

७.२ रणनितिहरु

७.३ अपेक्षित उपलब्धिहरु

७.४ मुख्य क्रियाकलापहरु

# परिच्छेद : एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । नेपालको संविधानले आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । शिक्षाले सामाजिक-सास्कृतिक विकासका अतिरिक्त रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउँछ । नागरीकको सवैभन्दा नजिकको सरकार स्थानीय तह हो । स्थानीय सरकारको हैसियतले प्रारम्भिक बालविकास देखि माध्यमिक तह सम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी सवै बालबालिकालाई विद्यालय शिक्षामा पहुँच पुऱ्याउनु, गुणस्तरीय शिक्षा प्रदान गर्नु र जीवन पर्यन्त सिकाएको वातावरण सृजन गर्नु वङ्गलाचुली गाउँपालिकाले विद्यालय शिक्षालाई समतामुलक, समावेशी, अनिवार्य , निःशुल्क र गुणस्तरीय बनाउनलाई यो पाँच वर्षे शिक्षा योजना तयार गरेको छ ।

नेपालको संविधान २०७२ मा शिक्षा सम्बन्धी निम्न ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ :

क) प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहँचको हक हुनेछ ।

ख) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

ग) अपांग भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

घ) दृष्टिविहिन नागरिकलाई ब्रेल लिपी तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांग भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हनेछ ।

ङ) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्न पाउने हक हुनेछ ।

## १.२ संक्षिप्त परिचय

बङ्गलाचुली गाउँपालिका लुम्बिनी प्रदेशको दाङ जिल्लामा अवस्थित छ । दाङ जिल्लामा २ उप-महानगरपालिका, १ नगरपालिका र ७ गाउँपालिका गरी जम्मा १० वटा स्थानीय तह छन् । वङ्गलाचुली गाउँपालिका दाङका ७ गाउँपालिका मध्ये पहाडी भूगोलमा अवस्थित एक गाउँपालिका हो । दाङ जिल्लाको स्यूजा, काभ्रे, लोहरपानी र हासीपुर गरी ४ वटा गा.वि.स.लाई गाभेर वनाएको वंगलाचुली गाउँपालिका हो ।

वंगलाचुली गाउँपालिकाको पूर्व र उत्तरमा प्युठान जिल्ला, पशिचममा घोराही उप-महानगरपालिका र राप्ती गाउँपालिका र दक्षिणमा लमही गाउँपालिका रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार वंगलाचुली गाउँपालिकाको कूल जनसंख्या २४२४५, कूल घरपरिवार संख्या ४७३० र जनघनत्व ९९ जना प्रति वर्ग कि.मी. रहेको छ ।

## १.३ शैक्षिक स्थिति

### तहगत विद्यालय विवरण २०७८

| त्ह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| प्राथमिक | २९ | १ | ३० |
| निम्न माध्यमिक | ६ | - | ६ |
| आधारभूत | २९+६=३५ | - | ३५ |
| माध्यमिक (९-१०) | १ | - | १ |
| उच्चच माध्यमिक | ५ | - | ५ |
| माध्यमिक(९-१२) | १+५=६ | - | ६ |

सामुदायिक विद्यालय स्वीकृत शिक्षक दरबन्दी २०७८

| किसिम | बलविकास | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | जम्मा |
|---|---|---|---|---|---|---|
| दरबन्दी | | ७९ | १६ | ९ | - | १०४ |
| राहत | | ४४ | १ | ५ | - | ५० |
| शिक्षक अनुदान | | - | १ | ३ | - | ४ |
| गा.पा. अनुदान | १० | ३७ | ३७ | १४ | ६ | ९४ |

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी २०७८

| त्ह | कुल विद्यार्थी | | दलित | | जनजाति | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| बलविकास | ४७० | ५१३ | ११४ | १०८ | २३६ | २५० |
| प्रथमिक | २११३ | २०६८ | ५१५ | ५७८ | ९७३ | ९१० |
| नि.मा.वि. | ९१९ | ९३७ | १९० | १८४ | ४३०७ | ४०९ |
| आधारभूत | ३५०२ | ३५१८ | ८१९ | ४७० | १६१९ | १५६९ |
| मा.वि. (९-१०) | ३९२ | ५१८ | ५६ | ८९ | १७१ | २०० |
| उ.मा.वि. (११-१२) | १२४ | १७६ | १९ | २५ | ५५ | ९३ |
| मा.वि. (९-१२०) | ५१६ | ६९४ | ७५ | ११४ | २२६ | २८४ |

**शैक्षिक सूचकहरुको अवस्था**

| क.सं. | सूचकहरु | पालिकाको स्थिति २०७६/०७७ | राष्ट्रिय स्थिति २०७७ |
|---|---|---|---|
| १ | कक्षा १ मा कुल प्रवेशदर | ११२.३ | १२१.९ |
| २ | कक्षा १ मा खुद प्रबेशदर | ९४.२ | ९६.८ |
| ३ | कक्षा १-५ मा कुल भर्नादर | १२६.३ | ११९.३ |
| ४ | कक्षा १-५ मा खुद भर्दादर | ९५.५ | ९३.८ |
| ५ | कक्षा १-८ मा कुल भर्नादर | ११९.३ | ११०.४ |
| ६ | कक्षा १-८ मा दुख भर्नादर | ९४.५ | ९३.८ |
| ७ | कक्षा ९-१० मा कुल भर्दादर | ६९.१ | ९४.६ |
| ८ | कक्षा ९-१० मा खद भर्नादर | ६७.४ | ६८.७ |
| ९ | कक्षा ९-१२ मा कुल भर्नादर | ६६.९ | ७१.४ |
| १० | कक्षा ९-१२ मा खुद भर्नादर | ४५.४ | ४७.६ |
| ११ | कक्षा ११-१२ मा कुल भर्नादर | ४६.७ | ५१.५ |
| १२ | कक्षा ११-१२ मा खुद भर्नादर | २३.५ | २५.८ |

## १.४ विद्यालय शिक्षाका अवसर तथा चेनौतिहरु

नेपालको संविधान २०७२ ले शिक्षालाई भौतिक हकको रुपमा स्थापित गरेको छ । नेपालको संविधानले आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षालाई निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । त्यसैगरी हाम्रो संविधानले विद्यालय शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएकाले विद्यालय क्षिक्षामा बालबालिकाको पहुँचमा वृद्धि समावेशी सहभागीता वढ्दै जानु, विद्यालय तहको खुद भर्नादरकमा प्रगति देखिनु, सामुदायिक विद्यालय प्रति अपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रारम्भ हुनु, शैक्षिक प्रशासन र जवाफदेहितामा सुधार देखिनु जस्ता विषयहरु शिक्षा क्षेत्रका अवसरहरु हुन ।

उपयुक्त पूर्वाधारको विकास, समतामुलक पहुँच, गुणस्तर अभिवृद्धि, शिक्षक अभावको परिपाटी, शैक्षिक सुशासनको अभिवृद्धि, बालमैत्री सिकाइको विकास, र स्रोतको व्यवस्थापन जस्ता विषयहरु विद्यालय शिक्षा क्षेत्रको मुख्य चुनौतिहरु हनु ।

# परिच्छेद : दुइ

## नयाँ शिक्षा योजना

### २.१ सन्दर्भ र औचित्य

नेपालमा संघीय राज्य व्यवस्था स्थापना भई संघ प्रदेश र स्थानीय सरकाहरु क्रियाशील छन् । विद्यालय शिक्षालाई व्यवस्थित, सर्वसुलभ समाबेशी र गुणस्तरीय बनाउन तिनै तहका सरकारले शिक्षा योजना निर्माण गर्नु पर्ने हुन्छ । शिक्षा योजना निर्माण गर्दा तिनै तहका सरकारको योजना निर्माणमा आपसी समन्वय र सहकार्य हुनुपर्ने देखिन्छ ।

नेपालको संविधान २०७२ ले विद्यालय शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । त्यसैले विद्यालय शिक्षालाई सर्वसुलभ, समावेशी, अनिवार्य, निःशुल्क र गुणस्तरीय बनाउनलाई शिक्षा योजना आवश्यक छ । त्यसैले वंगलाचुली गाउँपालिकाले ५ वर्षे नयाँ शिक्षा योजना तयार गरेको छ ।

### २.२ दिर्घकालीन सोच

बंगालाचुली गाउँपालिकाको ५ वर्षे नयाँ शिक्षा योजनाको दिर्घकालीन सोच (Vision) निम्न अनुसार रहेका छन् :

1= विद्यार्थी खुद भर्नादर, टिकाउदर, सिकाई उपलब्धि जस्ता शैक्षिक सूचकहरु राष्ट्रिय स्तर समान पुगेको हुनेछ ।
2= विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधारहरुको विकास भएको हुनेछ ।
3= शिक्षामा समतामुलक पहुँच सुनिश्चित भई गुणस्तरीय विद्यालय अभिवृद्धि हुनेछ ।

### २.३ उद्देश्यहरु

1= अनिवार्य निःशुल्क आधारभूत शिक्षामा समतामुलक पहुँच सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।
2= माध्यमिक शिक्षामा सवै बालबालिकाहरुको पहुँच सुनिश्चित गरी सान्नर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
3= विद्यालयको भौतिक तथा शैक्षिक वातावरण वालमैत्री, अपांगता मैत्री र लैंगिकमैत्री बनाउनु ।
4= युवा तथा प्रोढहरुका लागि निरन्तर शिक्षा जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु ।

5= विद्यालयमा सुशासन पवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।

## २.४ रणनीतिहरु

1= प्रारम्भिक बालविकास कार्यलाई विद्यालय शिक्षाको अभिन्न अंग बनाउने ।

2= अनिवर्या, निःशुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच पुऱ्याउने ।

3= निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच पुऱ्याउने ।

4= विद्यालयहरुको भौतिक पूर्वाधारमा सुधार गरी बालमैत्री, अपांगमैत्री र लैंगिकमैत्री बनाउने ।

5= शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विस्तार गरी शिक्षामा गुणस्तरीयता अभिवृद्धि गर्ने ।

6= विद्यालयका बालबालिकाहरु र विद्यालय बाहिर रहेका युवायुवतीलाई प्राविधिक तथा व्यावसायिक सिपको अवसर सुनिश्चित गर्ने ।

## २.५ कार्यनीतिहरु

1= संघीय सरकारबाट लिइदै आएको अनुदानलाई निरन्तरता दिदै गाउँपालिका गैसस र पैदेश सरकारबाट समेत लागनी गरी लागत साझेदारी गरिनेछ ।

2= निर्धारित मापदण्ड अनुरुप खेलमैदान, पुस्तकालय, प्रयोगशाला, बसाई व्यवस्थापन, अडियो-भिडियो सामाग्री शैचालय, खानेपानीको व्यवस्था गरी बालमैत्री विद्यालय तयार गरिनेछ ।

3= कठिन अवस्थामा रहेका दलित, अपाङ्गता भएका, गरिब बालबालिकाको भर्नादर बढाउनु, जनचेतनामुलक कार्यक्रम र घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ ।

4= विद्यालयमा विद्यार्थी टिकाउ राख्न र कक्षा छाड्ने समस्या समाधान गर्न दिवा खाजा, छत्रवृत्ति, स्वास्थ्य परीक्षण, आवासीय विद्यालय स्थापना जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

5= नपुग शिक्षक पुरा  गर्न स्वयंसेवक शिक्षक र अनुदान शिक्षकको व्यवस्था गरिनेछ ।

6= माध्यमिक शिक्षा निःशुल्क गरिनेछ । अति विपन्न, पिछडीएका समुदायका विद्यार्थीहरु र अपांगता भएका विद्यार्थीहरुका लागि छात्रवृत्ति र आवासिय विद्यालयको प्रबन्ध मिलाइनेछ ।

7= शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षाकलाई तालिम, विषयगत समूह तथा अन्तरक्रिया आयोजना गरिनेछ । त्यसैगरी कक्षा अवलोकन र पृष्ठपोषण दिने कार्यलाई प्रोत्साहन गरिनेछ ।

8= जनप्रतिनिधि, विभिन्न समितिका पदाधिकारी र, शिक्षाविद, वरिष्ठ शिक्षकहरुको समुह बनाई निरक्षण र सुपरीवेक्षणको कार्यलाई उपयोग गरिनेछ ।

९= विद्यालयको वार्षिक कार्यपात्रो, विषयगत शिक्षकबाट वार्षिक शैक्षिणिक योजना र दैनिक योजना बनाई कार्यान्वयन गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

१०= गृहकार्य, कक्षा कार्य, परीक्षा, निरन्तर मूल्यांकन प्रणालीलाई व्यवस्थित र सुदृढ गरिनेछ ।

११= आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रबोधिकरण र विद्यार्थी प्रगति विवरण सम्प्रेषन कार्यलाई आवाधिक रुपमा नियमित गराइनेछ ।

१२= शिक्षक र विद्यार्थी संख्या कम भएका विद्यालयमा कहुकक्षा शिक्षणको व्यवस्था र त्यस प्रकारको शिक्षणलाई व्यवस्थित गर्न कक्षा कोठाको व्यवस्थापन र शैक्षिक सामाग्रीको व्यवस्था गरिनेछ ।

१३= विद्यार्थी संख्या, भुगोल र शिक्षक संख्यालाई आधार मानेर दरवन्दी मिलान र विद्यालय मर्ज गरिने छ ।

१४= सडकहरुको स्तरीकरण गरी विद्यालय बस संचालन गरिने छ ।

१५= विद्यालय वाहिर रहेका प्रौढहरुलाई छोटो अवधिका प्राविधिक तथा व्यावसायीक तालिम प्रदान गरिने छ ।

## २.६ सूचकहरुको वर्तमान अवस्था तथा परिमाणात्मक लक्ष्य

| क.सं. | सूचकहरु | गा.पा.को स्थिति २०७६/०७७ | गा.पा.को लक्ष्य २०८३/०८४ |
|---|---|---|---|
| १ | कक्षा १ मा कुल प्रवेशदर | ११२.३ | १०८.० |
| २ | कक्षा १ मा खुद प्रबेशदर | ९४.२ | ९७.० |
| ३ | कक्षा १-५ मा कुल भर्नादर | १२६.३ | ११९.० |
| ४ | कक्षा १-५ मा खुद भर्दादर | ९५.५ | ९८.० |
| ५ | कक्षा १-८ मा कुल भर्नादर | ११९.३ | ११०.० |
| ६ | कक्षा १-८ मा खुद भर्नादर | ९४.५ | ९८.० |
| ७ | कक्षा ८ टिकाउदर | - | ९५.० |
| ८ | अधारभूत शिक्षा पुरा गर्ने दर | - | ९५.० |
| ९ | कक्षा ९-१० मा कुल भर्दादर | ६९.१ | ८२.० |
| १० | कक्षा ९-१० मा खुद भर्नादर | ६७.४ | ८०.० |
| ११ | कक्षा ९-१२ मा कुल भर्नादर | ६६.९ | ७७.० |
| १२ | कक्षा ९-१२ मा खुद भर्नादर | ४५.४ | ५३.० |

| | | | |
|---|---|---|---|
| १३ | कक्षा ११-१२ मा कुल भर्नादर | ४६.७ | ५५.० |
| १४ | कक्षा ११-१२ मा खुद भर्नादर | २३.५ | ३५.० |
| १५ | कक्षा १० मा टिकाउ दर | - | ९७.० |
| १६ | कक्षा १२ मा टिकाउ दर | - | ५५.० |
| १७ | ५ वर्ष माथिको साक्षरता दर | ९७.० | ९८.० |
| १८ | १५-२४ वर्षको साक्षरता दर | ९९.० | १००.० |
| १९ | १५ वर्षमाथिको साक्षरता दर | ९८.० | ९९.० |
| २० | शिक्षाक्षेत्रको बजेट प्रतिशत | ३२.० | ३५.० |
| २१ | कक्षा १-५ तह उत्तीर्ण दर | ८४.२ | ९१.० |
| २२ | कक्षा ६-८ तह उत्तीर्ण दर | ८८.० | ९७.० |
| २३ | कक्षा ९-१० तह उत्तीर्ण दर | ९५.६ | ९८.० |
| २४ | कक्षा १-५ तह दोहोऱ्याउने दर | १३.० | ७.० |
| २५ | कक्षा ६-८ तह दोहोऱ्याउने दर | ८.८ | ३.० |
| २६ | कक्षा ९-१० तह दोहोऱ्याउने दर | १.८ | १.० |
| २७. | कक्षा १-५ तह छाड्ने दर | २.८ | १.० |
| २८ | कक्षा ६-८ तह छाड्ने दर | ३.२ | १.० |
| २९. | कक्षा ९-१० तह छाड्ने दर | २.६ | १.० |

# परिच्छेद : तीन

## शिक्षाका क्षेत्रहरु

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

४ वर्ष उमेरका बालविकासहरुको सर्वाङ्गीन (शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक एवं नैतिक) पक्षको विकासमा सहयोग पुर्‍याई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम नै प्रारम्भिक बालविकास र शिक्षा हो । नेपालको संविधान २०७२ ले प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक सुनिश्चित गरेको छ । शिक्षा (नवौं संशोधन) ऐन २०२८ ले चारवर्ष उमेर पुरा गरेका बालबालिकाहरुलाई एक वर्षको शिक्षाको परिकल्पना गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बाल विकास सम्बन्धी कानुनी प्रावधान रहेका छन् । पन्धौं योजना (२०७६/७७-२०८०/८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८), र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरु समेटिएका छन् । यसका साथै पाठ्यक्रम विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ लागु गरेको छ ।४ वर्षउमेर पुगेका बालबालिकाका लागि १ वर्षको प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रम र समुदाय दुबैमा सञ्चालन गर्ने प्रचलन बढ्दै गएको पाइन्छ।शिक्षा तथा मानब स्रोत विकास केन्द्रले प्रारम्भिक बालविकास र शिक्षामा गुणस्तर कायम गर्न प्रारम्भिक बालविकास सम्बन्धी मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) जारी गरी कार्यान्वयन ल्याएको छ । बालविकास सहजकर्ताहरुका लागि एक महिने सधन र पुनर्ताजगी तालिम प्रदान गर्ने लक्ष्य अनुरुप तालिम प्याकेज तयार भएपनि अधिकंसले तालिम प्राप्त गर्न सकेका छैनन् ।

बालविकास केन्द्ररुमा ४ वर्ष उमेर समूह भन्दा कम वा बढी उमेर समूहका बालबालिका पनि सहयोगी भएको देखिन्छ । यसले बालविकास र शिक्षण सिकाइमा प्रभाव पार्दछ । बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्ने प्रावधान छ । तर बङ्गलाचुली गाउँपालिकाका केहि बालविकास केन्द्रहरु टाढाको दुरीमा छन् ।अधिकांश प्रारम्भिक बालविकास केन्द्रहरुमा मापदण्ड अनुसारको न्युनतम भौतिक र शैक्षिक सुविधा उपलब्ध गराउन सकिएको छैन् । त्यसैगरी सबै बालविकास सहजकर्ताहरुका लागि तालिम प्रदान गर्न सकिएको छैन् । प्रारम्भिक बालविकास र शिक्षालाई

व्यवस्थित र गुणस्तरीय बनाउन बङ्गलाचुली गाउँपालिकाले यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षाका कार्यक्रमहरु समावेश गरेको छ ।

लुम्बिनी प्रदेशमा यो तहमा बालबालिकाको कुल भर्नादर ९८.३ र चार वर्षका बालबालिकाको भर्नाको अनुपात अर्थात खुद भर्नादर ७७.८ रहेको देखिन्छ । त्यसैगरी लुम्बिनी प्रदेशमा न्यूनतम योग्यता पुगेका बालविकासका शिक्षकहरुको ९६.५ रहेको छ भने आधारभूत तालिम लिएका शिक्षकहरुको प्रतिशत ९५.७ रहेको छ । कक्षा १ मा नयाँ भर्ना हुने विद्यार्थीहरुमध्ये ७०.२ प्रतिशत विद्यार्थीहरु बालविकासको अनुभव लिएर आउने गरेका देखिन्छन् (फ्लयास रिपोर्ट,२०१९-०२०) । बालविकास केन्द्रमा समस्याको रुपमा बालबालिकाहरुको उमेर अनेकता हुनु, बाल विकास केन्द्रको सजावट र फर्निचरको व्यवस्था उपयुक्त किसिमको नहुनु, सिकाई कुनाको व्यवस्थापन राम्रो नहुनु, बलामैत्री र मौसममैत्री कक्षाकोठा नहुनु, बालबालिकाको सञ्चित अभिलेख व्यवस्थित नहुनु, कक्षा १ र २ मा जस्तै पढाउने परिपाटी कायम रहनु, “खेल्दै सिक्दै” को सिद्धान्त अनुसारका खेल सामाग्री तथा शैक्षिक सामग्री नहुनु, बालविकास सहजकर्ताहरुमा उत्प्रेरणाको कमी रहनु, अनुगमन र सुपरीवेक्षणको प्रभावकारी व्यवस्थापन नहुनु आदि रहेका छन्

### ३.१.१ उद्देश्यहरु

सबै बालबालिकालाई गुणस्तरय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्नलिखित रहेका छन् :

1= ४ वर्ष उमेरका सबै बालबालिकाहरुको  सर्बाङ्गीन विकास ग री आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु ।

2= बलविकास तथा शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउनु ।

3= बलविकास केन्द्रहरुमा न्यूनतम मापदण्ड अनुसारको सुविधा पुऱ्याउनु ।

### ३.१.२ रणनीतिहरु

1= विद्यालयमा आधारित प्रारम्भिक बालविकास तथा शिक्षामा जोड दिइनेछ ।

2= निर्धारित मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन र व्यवस्थापन गरिनेछ ।

3= बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गरिने छ ।

4= अभिभावक शिक्षा प्रदान गरिनेछ ।

5= प्रबाविशिको सञ्चालन, व्यवस्थापन र अनुगमनमा परिवार, समुदाय, विद्यालय र पालिकालाई जिम्मेवार बनाइनेछ ।

6= प्रबाविशीको सञ्चानमा गैसससँग सहकार्य गरिनेछ ।

7= बालविकास केन्द्रहरुमा मनोरञ्जनपूर्ण सिकाइलाई सुनिश्चित गरिने छ ।

8= बालविकास सहजकर्ताहरुको क्षमता विकास गरिनेछ ।

9= असहाय, अनाथ, गरिब, अपाङ्गता भएका बालबालिकालाई स्थानीय तहले संरक्षण गरी समतामुलका शिक्षा प्रदान गर्ने ।

### ३.१.३ अपेक्षित उपलब्धि

1= सवै बालबालिकाहरुलाई प्रबाविशीको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने।

2= प्रबाविशी केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेको हुने ।

3= सबै बालविकास सहजकार्तालाई  तालिम प्राप्त हुने ।

4= बलबालिकाहरुलाई गुणस्तरीय प्रबाविशीको अवसर सुनिश्चित हुने ।

### ३.१.४ मुख्य क्रियाकलापहरु

1= नक्साङ्कन र अवश्यकताका आधारमा प्रबाविशीको पुनवितर्रण गर्ने ।

2= खेल मनोरञ्जन तथा सिकाइ सामग्री उपलब्ध गराउने ।

3= पोषणयुक्त दिवा खाजाको प्रबन्ध गर्ने ।

4= सहजकर्तालाई आधारभूत तथा पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गर्ने ।

5= सकाहरुलाई मन्टेश्वरी तालिम प्रदान गर्ने ।

6= बाल बिकास सकालाई सिकाई सामग्री निर्माण कार्यशाला संचालन गर्ने ।

7= बाल बिकास कक्षामा लिड टिभी तथा आईसीटी सामग्री व्यबस्थापन गर्ने

8= अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

9= मपदण्डका आधारमा कक्षाको निर्माण र व्यवस्थापन गर्ने ।

10= अपाङ्गता भएका बालबालिकालाई सहयोगी सामग्रीको व्यवस्था गर्ने

11= कक्षा कोठामा अंक, अक्षर तथा चित्र सजावट जस्ता दृष्य सामाग्रीको व्यवस्था गर्ने ।

12= सबै बाविकास केन्द्रमा सुरक्षित खोनेपानी र शौचालयको सुविधा उपलब्ध गराउने ।

13= सरोकारवालाबाट अनुगमन  र सुपरिवेक्षण गर्ने ।

14= अभियानका रुपमा भर्ना कार्यक्रम सञ्चान गर्ने ।

15= अबिभावक बिहिन बालबालिकाका लागि अबिभावकत्व ग्रहणलाइ प्रोत्साहन गर्ने ।

16= समुदाय समेतको श्रम लागत सहभागितामा एक बिद्यालय एक बाल उद्यान निर्माण गर्ने ।

17= वालविकास केन्द्रको भौतिक तथा शैक्षिक पुर्वाधर विकासमा निजि तथा संघ संस्थाहरु संग सहकार्य गर्ने ।

18= प्रत्येक वडामा कम्तिमा एक नमूना वालविकास केन्द्र संचालन गर्ने ।

## ३.२ आधारभूत शिक्षा

विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुन संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा मानेको छ । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई मौलिक हक अन्तर्गत राखेको छ । संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क पाउने हक सुनिश्चित गरेको  छ । आधारभूत शिक्षाले सामाजिक-आर्थिक रुपान्तरणमा ठूलो सहयोग गर्दछ । सबैका लागि शिक्षा (२०००-२०१५), सहश्राब्दी विकास लक्ष्य, दिगो विकासको लक्ष्यहरु, इन्चोन घोषणा (२०१५-२०३०), संयुक्त राष्ट्र, संघ, मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २६, शिक्षा सम्बन्धी ऐन २०७५ मा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भनी उल्लेख गरिएको छ । यस तहको अवधिलाई अन्तराष्ट्रिय स्तरमा समेत अनिवार्य र निःशुल्क गरिएको पाइन्छ ।

सबैका लागि शिक्षाको दोस्रो उद्देश्यमा बालिका, कठिन परिस्थितिमा परेका तथा सामाजिक आर्थिक, रुपले पिछडिएका जनजाति समुदायका बालबालिकालगायत सबैका लागि गुणस्तरीय निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षामा पहुँच तथा विद्यालय पुरा गर्ने अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो । विद्यालय क्षेत्र विकास योजनाले सन् २०२२-२०२३ सम्ममा आधारभूत तह (१-८) को खुद भर्ना दर शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । पन्ध्रौ योजनाले वि.सं. २०८०-०८१ सम्म आधारभूत तहको खुद भर्ना दर ९५.५ पुऱ्याउने लक्ष्य छ ।

बङ्गलाचुली गाउँपालिका भित्रआधारभूत शिक्षामा सबै बालबालिकाहरुको समतामुलक पहुँच पुऱ्याउन सकिएको छैन । विशेषगरी आर्थिक र सामाजिक रुपले  पछाडी परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति र

कठिन परिस्थितिमा रहेका केही बालबालिकाहरु विद्यालय बाहिर रहेका छन् । त्यसैगरी कक्षा छोड्ने दर बढी देखिन्छ । आधारभूत तह पुरा गर्ने दर न्यून छ । विद्यालयहरुको भौतिक र शैक्षिक वातावरण बालमैंत्री, समावेशी र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । त्यसैगरी योग्य शिक्षकको अप्रयाप्तता, गरिवी, भौतिक पूर्वाधारको अभाव र व्यवस्थापन पक्षमा भएका विभिन्न समस्याहरुले आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा प्रभाव परेको देखिन्छ ।

### ३.२.१ उद्देश्यहरु

आधारभूत शिक्षामा सबैको पहुँच गर्दै गुणस्तरीय शिक्षा अभिवृद्धि गर्नु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित छन्:

1= ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षाका पहुँच सुनिश्चितता गर्नु ।

2= आधारभूत तह सञ्चालित विद्यालयहरुको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित तुल्याउनु ।

3= अधारभूत शिक्षालाई सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

### ३.२.२ रणनीतिहरु

1= अनिवार्य र निःशुल्क अधारभूत शिक्षाको अवधारणा कार्यान्वयन गर्न आवश्यक कानुन तर्जुमा र स्रोतको व्यवस्थापन गरिनेछ ।

2= विद्यालय बाहिर रहेको बालबालिकाहरुलाई प्रोत्साहनका कार्यक्रम संचालन गरी उनिहरुको पहुँच सुनिश्चित गरिनेछ ।

3= विद्यालयहरुको भौतिक र शैक्षिक वातावरणमा सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ ।

4= विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र लैइगिकमैत्री वातावरणको सुनिश्चित गरिनेछ ।

5= विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।

6= शिक्षक अभाव कम गर्न दरवन्दी मिलान र पुनर्वितरण गरिनेछ । त्यसैगरी सरकारी तथा सामुदायिक क्याम्पसहरुसँग समन्वय गरी स्वयम सेवक शिक्षक भर्ना गरिनेछ ।

7= शिक्षक प्र.अ. वि.व्य.स. र शि.अ.संघका पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।

8= विद्यालयमा स्वस्थ्य तथा पोषण कार्यक्रम संचालन गरिनेछ ।

9= सवै बालबालिकालाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्य सुनिश्चित गरिनेछ ।

### ३.२.३ अपेक्षित नतिजा

1= आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच हुने ।

2= विद्यालयमा न्यूनतम आधारभूत पूर्वाधार उपलब्ध भएको ।

3= विद्यालयको औषत सिकाई उपलब्धीमा सुधार भएको ।

4= बालमैत्री समावेशी र सुरक्षित सिकाइ वातावरण सुनिश्चित हुने ।

5= कार्यरत जनशक्तीको क्षमता विकास हुने ।

6= कक्षा छोड्ने दरमा कमी आउने

### ३.२.४ मुख्य क्रियाकलापहरु

1= उमेर जात, लिङ्ग अनुसार बालबालिकाको तथ्यांक संकलन गर्न घरधुरी सर्वेक्षण गर्ने ।

2= अभिभावक, जनप्रतिनिधि, राजनीतिक दल, गै.स.सं., समाजसेवी, शिक्षाप्रेमीको समन्वयमा भर्ना अभियान चलाउने ।

3= आर्थिक रुपले अति विपन्न बालबालिकाको अभिभावकत्व ग्रहण गर्ने नागरिकलाई सम्मान गर्ने ।

4= आवश्यकताको पहिचान गरी बालमैत्री भवन, खानेपाने, शौचालय र फर्निचर निर्माण गर्ने ।

5= विद्यालयमा पुस्तकालय, कम्प्युटर र इन्टरनेटको सुविधा पुऱ्याउने ।

6= बालमैत्री शिक्षण सिकाई क्रियाकलापमा जोड दिने ।

7= निःशुल्क पाठ्यपुस्तक र सिकाई सामग्री वितरण गर्ने ।

8= अभिभावक शिक्षा कार्यक्रम संचालन गर्ने ।

9= सुझाव पेटिकको स्थापना तथा प्रभावकरी कार्यान्वयन गर्ने ।

10= दिवा खाजाको प्रबन्ध गर्ने ।

11= शिक्षक, प्र.अ. र कर्मचारीको क्षमता विकासका लागि तालिम प्रदान गर्ने ।

12= वि.व्य.स. शि.अ.सं. र शिक्षक विच अन्तरक्रिया गर्ने ।

13= अवलोकन भ्रमणको आयोजना गर्ने ।

14= शिक्षक डायरी र क्यालेन्डरको तयारी, प्रकाशन, वितरण र कार्यान्वयन गर्ने ।

15= अतिरिक्त क्रियाकलापको संचालन गर्ने ।

16= स्थानीय पाठ्यक्रम तयार गर्ने ।

17= शिक्षक व्यवस्थापन गर्ने ।

18= शिक्षा सम्बन्धी अन्तरक्रिया, सेमिनार तथा कार्यशाला गोष्ठी आयोजना गर्ने ।

19= शिक्षा सम्बन्धी अनुसन्धान गर्ने ।
20= विद्यालयहरुको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि गै.स.सं. सँग समन्वय गर्ने ।
21= शैक्षिक सामाग्री निर्माण कार्यशाला आयोजना गर्ने ।
22= नमूना विद्यालय विकास गर्ने ।
23= कार्य संपादनको आधारमा उत्कृष्ट शिक्षकलाई पुरस्कृत गर्ने ।
24= शिक्षकलाई कार्यगत अनुसन्धान अनिवार्य गराउने ।
25= निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी वनाउने ।
26= विद्यार्थीहरुको सिकाई उपलव्धि परिक्षण गर्ने ।

### ३.३ माध्यमिक शिक्षा

कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यामिक शिक्षा भनिन्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । त्यसैगरी संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रखेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधालने एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सवैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्प्रर्धी, सिपयुक्त एव्म उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन-अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ । माध्यमिक तहमा हाल साधारण, प्राविधिक धारका शिक्षा कार्यक्रम सञ्चालनमा छन् । माध्यमिक तहको शिक्षा भनेको उच्च शिक्षाको तयारी पनि हो ।

#### ३.३.१ उद्देश्यहरु

माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित रहेको छन् ।

1= माध्यमिक शिक्षामा सवैको पहुँच सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।

2= माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउने ।

3= आधारभूत सिप प्रदान गरी उच्च शिक्षा हासिल गर्न सहयोग गर्नु ।

4= विद्यालयको भौतिक एव्म शैक्षिक वातावरण सिकाइमैत्री र सुरक्षित तुल्याउनु ।

5= माध्यमिक शिक्षाको कक्षा छोड्ने दर घटाई टिकाउदर बढाउनु ।

6= विद्यार्थीहरुलाई गसुणस्तरीय शिक्षा प्रदान गर्दै प्रतिस्पर्धी तथा उच्च शिक्षा हासिल गर्न योग्य बनाउनु ।

### ३.३.२ रणनीतिहरु

1= माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्न अभिभावक शिक्षा र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

2= माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउन अभिभावक शिक्षा र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

3= संघिय सरकार र प्रदेश सरकारको समन्वयमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

4= माध्यमिक विद्यालय तहको भौतिक पूवाधार विकास गरी प्राविधिक धारतर्फ थप विषय अध्यापन गर्न प्रोत्साहन गरिनेछ ।

5= क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ ।

### ३.३.३ अपेक्षित उपलब्धीहरु

1= माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको ।

2= खुद भर्नादर र टिकाउदरमा वृद्धि भएको ।

3= विद्यालयमा न्यूनतम पूर्वाधारहरुको उपलब्धता भएको ।

4= भर्ना, टिकाउपन र सिकाई उपलब्धिमा समता सूचकमा सुधार हुने ।

5= कार्यरत जनशक्तिको क्षमता विकास अंग्रेजी, गणित र विज्ञान विषयको नतिजामा सुधार भएको ।

6= प्राविधिक तथा व्यवसायीक धार अध्ययन हुने ।

7= विद्यालय बढेको हुने ।

### ३.३.४ मुख्य क्रियाकलापहरु

1= भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने ।

2= निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुन र मापदण्ड तर्जुम गर्ने।

3= विषयगत शिक्षकको व्यवस्थापन गर्ने ।

4= अंग्रजी, गणित र विज्ञान विषयमा किट्स व्यवस्थापन गर्ने ।

5= सबै विद्यालयमा विज्ञान प्रयोगशाला र पुस्तकालय व्यवस्था गर्ने ।

6= विद्यालयहरुमा विद्युत, कम्प्युटर र इन्टरनेटको सुविधा उपलब्ध गराउने ।

7= थोरै विद्यार्थीहरु भएका विद्यालयहरु मर्ज गरी आवासिय विद्यालयको विकास गर्ने ।

8= निःशुल्क पाठ्यपुस्तक, विद्यालय पोशाक, छात्रवृत्ति र निःशुल्क आवासीय सुविधा लगायतका प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

9= किशोरावस्था, बाल अधिकार, बाल विवाह, छोरी शिक्षा सम्बन्धमा अभिभावक शिक्षा प्रदान गर्ने ।

10= शिक्षकको अभाव कम गर्ने विद्यालय मर्ज, अनुदान शिक्षक थप र सरकारी तथा सामुदायिक क्याम्पसका उत्कृष्ट विद्यार्थीलाई स्वयम सेवक शिक्षकमा भर्ना गर्ने ।

11= शिक्षक डायरीको छपाई, वितरण र कार्यान्वयन गर्ने ।

12= आवासीय विद्यालय सञ्चालन गरी विशेष कक्षा सञ्चालन गर्ने ।

13= विद्यालयको मानक गराई नमूना विद्यालय घोषणा गर्ने ।

14= शिक्षक, कर्मचारी र प्र.अ.लाई तालिम उपलब्ध गराउने ।

15= वि.व्य.स. र शि.अ.सं.का पदाधिकारीहरुको क्षमता विकास गर्ने ।

16= आवश्यकता अनुसार विद्यालय भवन कक्षा, कोठा, शौचालय, खाजाघर, पिउनेपानी जस्ता भौतिक पूर्वाधारको विकास गर्ने ।

17= शिक्षा सम्बन्धी सेमिनार, अन्तरर्क्रिया र कार्यशाला गोष्ठी आयोजना गर्ने ।

18= शिक्षा सम्बन्धी समस्या पत्ता लगाई समाधान गर्न अनुसन्धान गर्ने ।

19= विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि गै.स.सं., निजी संस्था र चन्दादातासँग समन्वय र सहकार्य गर्ने ।

20= गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरीवेक्षण र अवलोकन भ्रमण गर्ने ।

21= शिक्षण सिकाई र मूल्यांकन प्रणालीमा सुधार गर्ने ।

22= विद्यार्थीको सिकाई उपलब्धी परीक्षण गर्ने ।

23= अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने ।

24= प्राविधिक धार सञ्चालन गरेका विद्यालयको संख्या वृद्धि गर्ने ।

25= सामाजिक परीक्षण गर्ने ।

26= नमूना विद्यालय विकास गर्ने ।
27= कार्य संपादनको आधारमा उत्कृष्ट शिक्षकलाई पुरस्कृत गर्ने ।
28= शिक्षकलाई कार्यगत अनुसन्धान अनिवार्य गराउने ।
29= निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी वनाउने ।
30= विद्यार्थीहरुको सिकाई उपलब्धि परिक्षण गर्ने ।

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम

साधारण शिक्षाले सिप हस्तान्तरण गर्न नसकेको र बेरोजगार मात्र उत्पादन गरेको भन्ने गुनासो आएपछि माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक तथा व्यवसायिक धारका विषयहरु पनि राखिएको छ । प्राविधिका तथा व्यावसायिक शिक्षाले गरिखाने सिप दिन्छ । यसले स्वरोजगार सृजना गर्दछ । त्यसैले अव प्राविधिक तथा व्यवसायिक धार सञ्चालन गरेका विद्यालयको संख्या बढाउनु राम्रो हुन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा आजको अपरिहार्य शिक्षा बनिरहेको छ ।

प्राबिधिक र व्यबसायिक शिक्षालाई प्राथमिकता दिएर कार्यान्वयन गरेमात्र मुलुकको समुन्नति सम्भव छ । यस कुरालाई मनन गरी संघ प्रदेश र स्थानीय सरकारले प्राबिधिक शिक्षाको बिस्तारलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेका पनि छन् । यस्को बिस्तार प्रत्येक स्थानीय तहसम्म हुन सके सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरेर स्वदेशमै रोजगार एवम् स्वरोजगारका अवसरहरु सिर्जना गर्दै कामका लागि विदेश जाने युवाहरुलाई स्वदेशमै आत्मनिर्भर बनाउने लक्ष्य पुरा हुने देखिन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज) बाट भएको हो । नेपालमा विद्यालय शिक्षालाई जीनन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै सुरु भएको हो । नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यावसायिक बनाउने सवालमा उल्लेख्य योगदान गरेको देखिन्छ ।

यद्यपि यो पद्धति र पाठ्यक्रमले निरन्तरता पाउन सकेन । शिक्षालाई सिपसँग, सिपलाई रोजगारी र उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ । विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खान सक्ने आधारभूत व्यावसायिक सिप र दक्षता सहितको श्रम शिक्षा दिन जरुरी छ । यसै कुरालाई मध्यनजरमा राखी माध्यमिक तह कक्षा ९-१२ मा प्राविधिक धारको पठनपाठन सुरु गरिएको छ । तथापी कक्षा ९ मा प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहँचलाई प्राथमिकता दिने गरी कोर्स डिजाइन गरिएको र कक्षा ११ -१२ मा पुगेपछि विज्ञानको कोर्स थप गरिएको कारण कठिनाइस्तर बढेकाले प्राविधिक धार पुरा गर्ने विद्यार्थीहरुको दर न्यून रहेको छ  राष्ट्रिय शिक्षा नीति २०७६ श्रम बजारको आवश्यकताका आधारमा सिप नक्सांकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरुको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ ।

### ३.४.१ उद्देश्यहरु

1= माग र आवश्यकताको आधारमा प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरु स्थापना गर्ने ।

2= प्राविधिक तथा व्यवसायिक चार सञ्चालन गरेका विद्यालयको संस्थागत विकास गर्ने ।

3= माग र आवश्यकताका आधारमा छोटो अवधिका तालिम सञ्चाल न गर्ने ।

### ३.४.२ रणनीतिहरु

1= प्राविधिक तथा व्यवसायिक धार सञ्चालन गरेका विद्यालय स्थापना गरी सीपयुक्त र रोजगार मुलक शिक्षा प्रदान गरिने छ ।

2= प्राविधिक तथा व्यवसायिक धारका  थप विद्यालय स्थापना गर्दा विषय दोहोराइने छैन् ।

3= स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय सिप र प्रविधिलाई समिटिने छ ।

4= प्राविधिक तथा व्यवसायिक शिक्षाको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि संघिय  तथा प्रदेश सरकार र गै.स.सं. सँग समन्वय र सहकार्य गरिनेछ ।

5= विद्यालय बाहिर रहेका युवायुवतिलाई सिपयुक्त शिक्षा दिन छोटो अवधिका तालिम सञ्चालन गरिनेछ ।

6= प्राविधिक तथा व्यवसायिक शिक्षामा समावेशीकरणलाई सुनिश्चित गरिनेछ ।

### ३.४.३ अपेक्षित अपलब्धिहरु

1= प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त जनशक्तिको उत्पादन हुने ।

2= रोजगार तथा स्वरोजगारको अवसर वृद्धि हुने प्राविधिक तथा व्यवसायिक धारको उच्च शिक्षाको लागि आवश्यक सिकाइको विकास हुने ।

### ३.४.४ मुख्य क्रियाकलापहरु

1= प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरु स्थापना र विस्तार गर्ने ।

2= भौतिक प्रर्वाधारको विकास गर्ने ।

3= आवाशिय बिद्यालयको व्यवस्था गर्ने ।

4= आवश्यक जनशक्तिको विकास गर्ने ।

5= छोटो अवधिका सिपमुलक तालिमहरु सञ्चालन गर्ने ।

6= स्थानीय पाठ्यक्रममा स्थानीय सिप र प्रविधिलाई समावेश गर्ने ।

7= प्राविधिक तथा व्यावसायीक शिक्षामा विषेश छात्रवृत्ति प्रदान गर्ने ।

8= आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।

### ३.५ अनौपचारीक शिक्षा र जीवन पर्यन्त सिकाई

सिकाइ निरन्तर प्रकृया हो । मानिसलाई बाँच्दा सम्म निरन्तर शिक्षा चाहिन्छ । त्यसैले मानिसलाई अनौपचारीक शिक्षाको आवश्यकता पर्दछ । अनौपचारीक शिक्षा जीवन पर्यन्त चलिरहन्छ । अनौपचारिक शिक्षाको मध्यमबाट निरक्षरता अन्मुलन, साक्षरोत्तरकक्षा, स्थायी ज्ञान, सिप र प्रविधीको हस्तान्तरण, सिप विकास र चेतनामुलक सन्देशको विस्तार गर्न सकिन्छ । समाजमा औपचारीक शिक्षा मात्र प्रयाप्त हुदैन । जीवन पर्यन्त सिकाइका लागि अनौपचारीक शिक्षाको ठूलो महत्व छ । औपचारिक शिक्षाको दायरामा नसमेटिएका नागरिकलाई विविध तरिकाबाट समय सापेक्ष ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन गराउन जीवन पर्यन्त चलिरहने शिक्षा नै अनौपचारिक शिक्षा हो । नरक्षरका लागि साक्षरता, साक्षरताका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।  ष्ट्रय शिक्षा नीति २०७६ ले नेपाललाई पूण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको

विकास गर्नु, सबै प्रकारका अपांगता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

वर्तमान अवस्था सन् १९९४ मा दुर शिक्षा केन्द्रको स्थापना, वि.सं. २००८ मा नन्दी रात्री मा.वि. बाट खुला पद्धति अंगालेर एसएलसी परीक्षाको संचालन, प्रथम पञ्चबर्षिय योजना (२०१३-२०१८) बाट प्रौढ साक्षरताको सुरुवात, २०६५-०६६ मा नेपाल सरकारको राष्ट्रिय साक्षरता अभियान सञ्चालन, २०६९-०७२ को साक्षर नेपाल अभियान आदि कार्यक्रमहरु नेपालमा बैकल्पिक पद्धतिबाट (विद्याय बाहिर रहेका समेत) नागरिकलाई शिक्षित बनाउनका लागि प्रभावकारी भूमिका खेल्ने कार्यक्रमहरु रहेका थिए । शिक्षा नियमावली २०५९ को परिच्छेद ९ र १० मा क्रमशः अनौपचारिक र दूर शिक्षा सम्बन्धी व्यवस्था भएको साथै पन्ध्रौ योजना (२०७६/०७७-२०८०/०८१)ले समेत "अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान र सिपलाई आयमूलक कार्यक्रमसंग आबद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने" रणनीति तय गरेको छ ।

### ३.५.१ उद्देश्यहरु

1. शिक्षामासमावेशीता र जीवन पर्यन्त सिकाईको अवसर प्रदान गर्नु ।
2. स्थानीय ज्ञान, सिप र प्रविधीको संरक्षणमा सहयोग ग र्नु ।
3. समुदायमा स्वास्थ्य, वातावरण, लैङ्गिकता आदि सम्बन्धी जनचेतना विस्तारमा सहयोग पुर्‍याउनु ।

### ३.५.२ रणनीतिहरु

1. विद्यालय शिक्षा पुरा गर्न नसकेका नागरिकलाई खुल्ला सिकाईका माध्यमबाट सिकाइ अनुभवको अवसर प्रदान गरिनेछ ।
2. संघिय सरकार, प्रदेश सरकार, गैरसरकारी र समुदायमा आधारित संस्थाहरुसँग समन्वय र सहकार्य गरी परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण, आधुनिकिकरण र हस्तान्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
3. गैरसरकारी संस्था, समुदायमा आधारित संस्था र सञ्चार माध्यमसँग समन्वय र सहकार्य गरी स्वास्थ्य, वातावरण, लैङ्गिकता, आदि सम्बन्धमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

4= साक्षरता कार्यक्रम र परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण र हस्तान्तरण गर्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।

5= बैकल्पिक सिकाइका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ ।

### ३.५.३ अपेक्षित नतिजा

1= पालिकाभित्र नागरिकलाई जीवन पर्यन्त सिकाइको अवसर प्राप्त गरेको हुने ।

2= परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण र प्रवद्धन भएको हुने ।

3= विद्यालय बाहिर रहेका नागरिकहरुले खुल्ला सिकाइका अवसर प्राप्त भएका हुने ।

### ३.५.४ मुख्य क्रियाकलापहरु

1= कार्यपालिका सामुदायिक सिकाइ केन्द्रहरु स्थापना र सञ्चालन गर्ने ।

2= अनौपचारीक शिक्षा तथा निरन्तर शिक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

3= अनौपचारीक तथा निरन्तर शिक्षाका लागि संघिय र प्रदेश सरकार, स्थानीय गै.स.सं., विद्यलय, सामुदयिक सिकाइ केन्द्रसँग समन्वय र सहकार्य गर्ने ।

4= अनौपचारीक तथा निरन्तर शिक्षाका कार्यक्रमहरुको सुपरिवेक्षण र अनुगमण गर्ने ।

5= आपतकालीन अवस्थामा वैकल्पिक सिकाइको कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद चार

## शिक्षा योजनाका अन्तरसम्वन्धित क्षेत्रहरु

### ४.१ पठ्यक्रम तथा मूल्यांकन

पठ्यक्रम गतिशिल र लचिलो हुनुपर्दछ । विद्यालय शिक्षाको पाठ्यक्रम संघिय सरकारले गर्दछ । राष्ट्रिय पाठ्यक्रम कार्यान्वयन गर्ने दाइत्व स्थानिय सरकारको रहेका छ । स्थानीय सरकाले कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी लागु गर्न सक्छ ।

### ४.१.१ उद्देश्यहरु

पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी राष्ट्रिय नीतिको कार्यान्वयन गर्नु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित छन् :

1= नेपाल सरकारद्धारा जारी विद्यालयको तहगत र कक्षागत पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्नु ।

2= स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

3= सिकारुहरुमा अपेक्षित ज्ञान, सिप, अभिवृद्धि र व्यवहार विकासमा सहयोग पुऱ्याउनु ।

### ४.१.२ रणनीतिहरु

1= विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २२०७६ र त्यसअनुरुप निर्मित पाठ्यक्रहरुको कार्यान्वयन गरिने छ ।

2= स्थानीय परिवेश सुहाउदो, स्थानीय पाठ्यक्रम निर्माण गरी  कार्यान्यवन गरिनेछ ।

3= नेपाल सरकारद्धारा विकसित पाठ्यक्रम कार्यान्वयन लागि प्रबोधिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

4= शिक्षण विधी, शिक्षण सामाग्री र मूल्यांकन पद्धतीमा सुधार ल्याई सिकाई उपलब्धीमा सुधार गरिनेछ ।

5= विद्यार्थी मूल्यांकनलाई सिकाईको अभिन्न अंगको रुपमा स्थापित गर्निछ ।

6= आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रकाशन र प्रबोधीकरण कार्यलाई व्यवस्थित गरिनेछ ।

7= विद्यार्थी मूल्यांकनका लागि संचालित परीक्षालाई मर्यादित बनाई सुधार गरिनेछ ।

### ४.१.३ अपेक्षित नतिजा

1= विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ र त्यस अनुरुप निर्मित पाठ्यक्रमको प्रभावकारी कार्यान्वय भएको हुने ।

2= स्थानीय पाठ्याक्रम र पाठ्यसामाग्री निर्माण भई कार्यान्वयन भएको हुने ।

3= बहुपाठ्यपुस्तक, विद्यार्थी केन्द्रित शिक्षण विधी, शिक्षक डायरी, निर्माणात्मक मूल्यांकन र प्रारम्भिक कक्षहरुमा बहुभाषाको प्रायोग सिकाई उपलब्धीमा सुधार आउने ।

### ४.१.४ मुख्य क्रियापलापहरु

1= राष्ट्रिय पाठ्यक्रमको कार्यान्वयन र अनुगमन गर्ने ।

2= शिक्षक निर्दिशिका प्रयोगको अनुगमन गर्ने ।

3= बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गर्ने ।

4= प्रारम्भिक कक्षाहरुमा बहुभाषाको प्रयोग गर्ने ।

5= नयाँ पाठ्यक्रम कार्यान्वयन गर्न प्रबोधीकरण कार्यक्रम संचालन गर्ने ।

6= निःशुल्क पाठ्पुस्तक वितरण गर्ने ।

7= पुस्तकालय र विज्ञान तथा कम्प्युटर ल्यावलाई सवलीकरण गर्ने ।

8= शिक्षक तालिमको व्यवस्था गर्ने ।

9= शैक्षिक योजना निर्माण र शिक्षक डायरीलाई लागू गर्ने ।

10= निरन्तर मूल्यांकन पद्धति लागू गर्ने ।

11= मूल्यांकनको नतिजा अक्षरांक पद्धतिमा निकाल्ने स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री निर्माण गर्न स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्ने ।

12= अभिभावकलाई बालबालिकाको प्रगति विवरण अवगत गराउने ।

13= प्रयोगात्मक परीक्षालाई प्रभावकारी बनाउने, लिखित परीक्षालाई व्यवस्थित र मर्यादित बनाउने ।

14= स्थानिय पाठ्यक्रम लागुगर्न शिक्षण सामाग्री तयार गर्ने ।

## ४.२ शिक्षक व्यवस्थापन र पेशागत विकास

सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित  शिक्षकहरुको व्यवस्थापनबाट मात्र गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र पेशागत विकासलाई प्रभाबकारी बनाउन आवश्यक छ । वर्तमान अवस्थामा शिक्षक तयारी गर्ने काम विश्वविद्यालय र कक्षा ११ र १२ सञ्चालन गरेका विद्यालयले गर्दछ । शिक्षक अध्ययन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त शिक्षक दरबन्दीमा स्थायी शिक्षक पदपूर्ति गर्न परीक्षा सञ्चालन गर्ने, स्थायी नियुक्तिका लागि सिफारिस  गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । शिक्षकको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने काम शिक्षा तालिम केन्द्रले गर्दै आएका छन् । यसैगरी अस्थायी शिक्षक नियुक्ति तथा कार्यसम्पादन मूल्यांकनको काम स्थानीय तहले गर्दै आएका छन् ।

विद्यालयमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरु छन् ।त्यसकारण शिक्षकहरुको सेवा सर्त र सुविधा समेत फरक-फरक छन् । अस्थायी, राहत र निजी स्रोतका शिक्षक नियुक्ति गर्दा उपयुक्त मापदन्ड र निर्देशिका तयार गरी प्रयोगमा ल्याउन जरुरी छ । शिक्षकको कार्यसम्पादन मूल्यांकनलाई बढुवा प्रयोजनमा मात्र सिमित नराखी विद्यार्थीको सिकाई उपलब्धीसँग आवद्ध गरी शिक्षकलाई जिम्मेवार बनाउने आवश्यक छ । बङ्गलाचुली गाउँपालिकामा पनि शिक्षकको अभाव र नवनियुक्त शिक्षकलाई तालिमको अभाव जस्ता समस्या देखिन्छ ।

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त श्रोत हो । यही जीवन्त श्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरु स्रोतहरुले गति लिने गर्दछन् । शिक्षकमा भएको पेसाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रुपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । शिक्षाको गुणस्तर अभिवृद्धिका लागि समग्र मुलुकमा जस्तै यस गाउँपालिकामा पनि शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने,

विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने आदि सवालमा क्रमशः केही सकारात्मक कामहरु भएको पाइयो । तरपनि चुनौतिहरु पनि थपिदो अबस्थामा छन् ।

पन्ध्रौ योजनामा विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशः अलग्गै प्रधानाध्यापकको व्यवस्था गरी सबै प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरु, जस्तैः कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिबिम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रुपमा गरिने अनुसन्धान मेन्टरिंग, कोचिंग आदि सञ्चालन गरिने व्यवस्था गरेको छ । साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित, अनलाइन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने उल्लेख छ ।राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार विद्यार्थीहरुले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्यांकन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरुलाई जिम्मेवार र जवाफदेही बनाइने छ र शिक्षकको सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलाप सम्बन्धमा गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सहक्रियाकलाप सञ्चालन, पेसागत जिम्मेवारी तथा जबाफदेहिता बहस जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मूल्यांकन गर्ने व्यवस्था गरिने उल्लेख छ । यसैगरी राष्ट्रिय शिक्षा नीतिले शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही बनाउने र, प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तहप्रति जबाफदेही बनाइने उल्लेख गरेको छ ।

### ४.२.१ उद्देश्यहरु

बङ्गलाचुली गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा शिक्षक व्यवस्थापन र पेशागत विकासलाई प्रभावकारी बनाउनु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरुनिम्न लिखित छन्

1= शिक्षक अभावलाई कम गर्नु ।

2= नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

3= शिक्षकको क्षमता विकास गर्नु ।

4= शिक्षकलाई पेशाप्रति समर्पित अभिप्रेरित तुल्याउनु ।

### ४.२.२ रणनीतिहरु

1= पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखिकारण प्रबोधीकरण कार्यक्र सञ्चालन गरिनेछ ।

2= दरबन्दी मिलान, पुनर्वितरन कक्षा, घटुवा, विद्यालय समायोजन, शिक्षक, परिचालन आदि प्रकृयाबाट शिक्षक परिपूर्ति प्रयास गरिनेछ

3= पालिका क्षेत्रभित्रका विद्यालयमा अस्थायी, राहत र निजी स्रोतका शिक्षक नियुक्ति प्रकृयामा एकरुपता र निष्पक्षता कायम गरिने ।

4= शिक्षक नियुक्ति, सरुवा र पदस्थापनलाई आवश्यकतामा आधारित बनाइने छ ।

5= शिक्षकहरुलाई अभिप्रेरित गर्न प्रोतसाहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

6= शिक्षको निरन्तर पेशागत विकासका लागि संघिय र प्रदेश सरकार तथा शिक्षा तालिम केन्द्रसँग समन्वय गरिनेछ ।

7= शिक्षकको कार्यसम्पादनमा सुधार गरी शिक्षण सिकाईमा सुधार गरिनेछ ।

8= विषयगत शिक्षक समूह निर्माण गरी अनुभवी शिक्षकबाट सहयोग र मेन्टरिङ पद्धतिको विकास गरिनेछ ।

### ४.२.३ अपेक्षित उपलब्धी

1= शिक्षक आपूर्ति सहज हुने ।

2= शिक्षक छनोटमा एकरुपता र निष्पक्षता हुने ।

3= शिक्षको पेशागत विकास हुने ।

4= शिक्षकको कार्यसम्पादनमा सुधार आउने ।

5= विद्यार्थीको सिकाई उपलब्धीमा सुभार आउने ।

6= शिक्षक पेशाप्रति अभिप्रेरित हुने ।

### ४.२.४ मुख्य क्रियाकलापहरु

1. शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने ।
2. अति कम विद्यार्थी भएका विद्यालयहरुलाई समायोजना गर्ने वा कक्षा घटुवा गर्ने ।
3. विद्यालय समायोजन वा कक्षा घटुवा गर्दा उत्पन्न हुने समस्या निराकरण गर्न आवाशीय विद्यालयको विकास गर्ने ।
4. अस्थायी/राहत र निजी स्रोतका शिक्षक नियुक्तिमा एकरुपता र निश्पक्षता कायम गर्न प्रश्न वैंक र विज्ञको रोस्टर तयार गर्ने ।
5. नव नियुक्त शिक्षकका लागि सेवा प्रवेश तालिमको व्यवस्था ग र्ने ।
6. नयाँ पाठ्यक्रम सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।
7. विषयगत शिक्षक समूह गठन गर्ने ।
8. शिक्षकको नियमितता र शिक्षणमा विताउने समयावधि वृद्धि गर्ने ।
9. शिक्षकको कार्यसम्पादनमा सुधार गर्न अनुगमण, सहयोग र पृष्ठपोषण प्रदान गर्ने ।
10. अनुभवि शिक्षकबाट सहयोग र मेन्टिङ गर्ने ।
11. सरकारी तथा समुदायिक क्याम्पससँग समन्वय गरी उत्कृष्ट विद्यार्थीलार्य स्वयंसेवक शिक्षक नियुक्त गर्ने ।
12. शिक्षकलाई कार्यमुलक अनुसन्धानमा संलग्न गराउने ।
13. उत्कृष्ट शिक्षकलाई पुरस्कार प्रदान तथा सम्मान गर्ने ।

## ४.३ शिक्षामा समतामुलक समावेशीकरण

नेपालको संविधान २०७२ का प्रस्तावनामा नेपाललाई समावेशी बनाउने अठोट गरेको छ ।राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशीता अभिवृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ ले अपांगता भएका व्यक्ति र आर्थिक-सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा आरक्षण कोटाको व्यवस्था गरेको छ । नेपालको संविधानले आधारभूततहको शिक्षालाई नागरिकको भौतिक हकको रुपमा स्वीकार गरेको छ ।

नेपाल सामाजिक-सांस्कृतिक रुपमा विविधता भएको देश हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जाततातिगत समुदायहरुको बसोवास छ । यही भिन्नताका आधारमा समाजिक विभेद र वञ्चितीकरण परेका समुदायहरु पनि छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपालीबाहेक अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदाय ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैले यी बर्गका साथै विभिन्न किसिमका अपाङ्गता भएका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पुर्‍याई सहभागिता बढाउन थप प्रयास आवश्यक छ । बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्नु आवश्यक छ । यस प्रकार शिक्षामा विविधता, समता, र समावेशिताको प्रवर्धन गर्नु आवश्यक छ । शिक्षामा सबैको पहुँच, सामजिक न्याय तथा सहभागिताको अधिकार सुनिश्चित गर्नु अत्यावश्यक छ ।

वर्तमान अवस्था नेपालको शिक्षामा बालिका तथा महिलाहरु र अपाङ्गता भएकाहरुका लागि केही विशेष प्रवन्ध स्वरुप वि.सं. २०२१ मा ल्याबोरेटरी स्कुलमा दृष्टिविहिन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसैगरी वि.सं. २०२५ देखि खगेन्द्रबहदुर बस्नेतको अगुवाइमा सुरु भएको नेपाल अपाङ्ग अन्ध सङ्घ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरुको लागि आवासीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरुका लागि पनि आवसीय प्रवन्धको सुरुआत भएको थियो । अपाङ्ता भएका व्यक्तिको स्याहार तथा संरक्षण हाल काठमाडौँको जोरपाटीमा सञ्चालन भइरहेको छ । शिक्षा नियमावली २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपङ्गता भएकाहरुको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ । बालिका तथा महिला शिक्षामा वि.सं. २०५०को दशकदेखि केही प्रोत्साहनमूलक कार्य प्रारम्भ भए पनि अपाङ्तालगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले बञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताका केही योजनावद्ध प्रयास सुरु भएको थियो ।

नेपाल सरकारले विद्यालय शिक्षामा छात्रा र दलित समुहको सहभागिता अभिवृद्धिका लागि छात्रवृत्तिको व्यवस्था गरियो । यो छात्रवृत्ति कार्यक्रमले विद्यालय तहमा छात्रा र दलित लगायत अन्य

समूहको भर्ना दर  उल्लेख्य रुपमा बढेको अवस्था छ । यसका अतिरिक्त  छात्रवृति हाल अपाङ्गता भएका विद्यार्थी, लोपोन्मुख र सीमान्तकृत समुदायका विद्यार्थी, मुक्त कम्लहरी विद्यार्थी, गरिब तथा विपन्न विद्यार्थी, द्वन्द्वपीडित विद्यार्थी, र सहिद परिवारका विद्यार्थीका निम्ति समेत बिस्तार गरिएको छ । छात्रवृत्तिलाई आवासीय प्रयोजनका निम्ति पनि व्यवस्था गरिएको छ । यस्तो छात्रवृत्ति छात्राहरुको लागि फिडर छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरुका निम्ति छात्रावास, मुक्त कम्लहरीका निम्ति छात्रावास, मोडल स्कुल छात्रावास, हिमाली छात्रावास, लोपोन्मुख तथा सीमान्तकृत समुदायका विद्यार्थीहरुका निम्ति छात्रावास, सडक बालबालिका तथा श्रमिक बालबालिकाहरुका निम्ति छात्रावास आदि  कार्यक्रमको निम्ति सङ्घीय सरकारले प्रदान गर्ने गरेको छ । यस्तो छात्रवृत्ति कार्यक्रममा प्रति विद्यार्थी मासिक चार हजार रुपैयाँको दरले दश महिनाको निम्ति उपलब्ध गराउने गरिएको छ ।

बङ्गलाचुली गाउँपालिकामा अपांगता भएका बालबालिका र आर्थिक-सामाजिक रुपले बाञ्चितिकरणमा परेका समुदायका बालबालिकाहरु प्रशस्त मात्रामा छन् । आपांगता भएका बालबालिका र दलित तथा आर्थिक रुपले विपन्न समुदायका बालबालिकाहरुको विद्यालय शिक्षामा अझै समान पहुँच छैन् । त्यसैगरी उनिहरुको सिकाई उपलब्धी पनि कमजोरी देखिन्छ । माध्यमिक तहको शिक्षामा छात्राको विद्यालय छोड्ने दर उच्च छ । अतः कठिन परिस्थितिमा रहेका बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच र अर्थपूर्ण सहभागिता सुनिश्चित गरी शिक्षामा समता र समावेशीकाणलाई प्रवद्धन गर्न आवश्यक छ ।

### ४.३.१ उद्देश्यहरु

1= विद्यालयशिक्षामा सवैको पहँच र समावेशीकरण सुनिश्चित गर्नु ।
2= विद्यालयमा कुनै प्रकारको हिंसा, विभेद र दुर्व्यवहार विनाको वातावरण सिर्जना गर्नु ।
3= अपांगता भएका बालबालिका र आर्थिक-सामाजिक रुपले सिमान्तकृत बालबालिकाहरु सिकाइमा सहभागिता वृद्धि गरी शिक्षाको गुणस्तर सुधार गर्नु ।

### ४.३.२ रणनीतिहरु

1= विद्यालय शिक्षामा समतामुलक पहुँच र समावेशी सहभागिता सहित सवै बालबालिकालाई गुणस्तरीय शिक्षा सुनिश्चित गरिनेछ ।

2= अनुसन्धान सहयोगबाट बालबालिकाको अवस्था र समस्या पहिचान गरी शिक्षामा पहुँच र समावेशीकरणका लागि प्रबन्ध मिलाइनेछ ।

3= दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, सिकाई सामाग्री, विद्यालय पोशाक, आदि उपलब्ध गराई विद्यालयमा सबैको पहँच सुनिश्चित गरिनेछ ।

4= विद्यालयको भौतिक तथा शैक्षिक वातावरण लैङ्गिक तथा आपांगमैत्री बनाइनेछ ।

5= विद्यालयका हरेक गतिविधीमा समावेशी सहभागिताको प्रबनन्ध मिलाइनेछ ।

## ४.३.३ अपेक्षित उपलब्धी

1= विद्यालय शिक्षामा सवै बालबालिको पहुँच र समावेशीकरणमा सुधार भएको हुने ।

2= लक्षित समूहका बालबालिकाहरुको सिकाई सपलब्धीमा सुधार भएको हुने ।

## ४.३.४ मुख्य क्रियाकलापहरु

1= विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउन घरदैलो कार्यक्रम गर्ने ।

2= बालबालिकाको समस्या पत्ता लागउन अनुसन्धान सञ्चालन गर्ने ।

3= निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ती, दिवा खाजा, उपलब्ध गराउने ।

4= विद्यालयको भौतिक पूर्वाधार अपांगमैत्री बनाउने ।

5= छात्राशुलब शैचालय निर्माण गर्ने ।

6= विद्यालयमा बालमैत्री सिकाइ वातावरण निर्माण गर्ने ।

7= विद्यालयमा हिंसा, विभेद र दुर्व्यवहार विनाको वातावरण तयार गर्ने ।

8= अपांगता भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गर्ने ।

9= कठिन परिस्थितिमा रहेका बालबालिकाहरुको लागि आवशीय विद्यालय सञ्चालन गर्ने ।

10= अति विपन्न वालवालिकालाई विषेश छात्रवृत्ति प्रदान गर्ने ।

## ४.४ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

सुरक्षित रुपमा बाँच्न पाउने, सिक्न पाउने विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागि हुन पाउने हरेक बालबालिकाहरुको नैर्सगिक अधिकार हो । विद्यालयमा बालबालिकाहरुका लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइ क्रियाकलाप हुन जरुरी हुन्छ । वर्तमान अवस्था जस्तो सुकै विपतको अवस्थामा पनि शिक्षालाई निरन्तरता दिने कुरा नेपालको संविधान, शिक्षाको राष्ट्रिय उद्देश्य, विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चलन ऐन, शिक्षाको राष्ट्रिय नीति, दिगो विकास लक्ष्य, विद्यालय क्षेत्र विकास योजना, शिक्षा क्षेत्र विकास योजना, बृहत विद्यालय सुरक्षा गुरु योजना, बृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज जस्ता थुप्रै नीतिगत तथा कानुनी व्यवस्थामा उल्लेख गरिएको छ। यद्यपि अझै पनि विद्यालयहरुलाई विपत प्रतिरोधी, हिंसामुक्त र शान्ति क्षेत्रको रुपमा स्थापित गरी समग्र विद्यालयलाई सुरक्षित विद्यालयको रुपमा स्थापित गर्न धेरै नै कामहरु गर्नुपर्ने देखिन्छ। कतिपय अवस्थामा सङ्कटले नागरिकको अकिार कुण्ठित हुन पुग्छ। नागरिक तथा बालबालिकाको बाँच्न पाउने, विकास गर्न पाउने, सहभागी हुन पाउने र शिंसा, शोषण तथा दुराचार आदिबाट सुरक्षित रहने जस्ता आधारभूत अधिकारलाई विपतको समयमा पनि कायम रहने सुनिश्चितता हुनु पर्दछ ।जोखिम वा सङ्कटले समाजमा पछाडि परेका वर्ग, अपाङ्गता भएकाबालबालिका, महिला तथा वृद्ध वृद्धालाई बढी प्रभावित गरेको हुन्छ । यस्तो अवस्थामा टाठाबाठाले बढी सुविधा लिएका हुन्छन् । तसर्थ विपतको समयमा कमजोर वर्गलाई विभेदरहित रुपमा सुविधा वा सहयोग पाउने सुनिश्चितता हुनु पर्दछ ।

त्यसैगरी बालबालिकासम्बन्धी ऐन २०७५ ले घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसकि दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई बालबालिका विरुद्धको हिंसा भनी उल्लेख गरेको छ यस्तो कसुर गर्नेलाई ५० हजार जरिवाना र एक वर्षसम्म कैद हुन सक्ने व्यवस्था गरेको छ । शिक्षा नियमावलीले पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नपाइने भनेको छ । त्यसैगरी बालबालिकालाई शारीरिक सजाय मानसिक, तथा शारीरिक उत्पीडन तथा हेपाइ र यौन दुराचारबाट मुक्त राखी सिकाईलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका (२०६७) जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाचा र कार्यान्वयन निर्देशिका (२०७८) ले विद्यलायलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने

र विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरनतरताको प्रवर्द्धन गर्ने विधि प्रक्रिया समावेश गरेको छ ।

### ४.४.१ उद्देश्यहरु

1= सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट संघ र प्रदेश सरकारसँग समन्वय गरी पूर्व सावधानी र तयारीको वातावरण निर्माण गर्नु ।

2= सम्भावित संकटको सामना गर्ने अर्थात् उत्थानशील प्रणलीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु ।

3= जस्तोसुकै विपत र संकटको अवस्थामा पनि सिकाइलाई निरन्तरता दिने गरी क्षमता र संरचनाको विकास गर्नु ।

4= संकटको प्रतिकार्यको निम्ति पालिकास्तरीय संयन्त्रको तयारी गर्नु ।

5= पालिकास्तरीय अल्पकालीन र दीर्घकालीन पुनर्स्थापन केन्द्रको विकास गर्नु ।

6= विद्यालयलाई शान्ति क्षेत्र र हिंसामुक्तको रुपमा स्थापित गरी, बालबालिकाहरुले सुरक्षित र भय रहित वातावरणमा सिक्ने अवसरको वातावरण सृजना गर्नु ।

### ४.४.२ रणनीतिहरु

1= शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रुपमा प्रभाव पार्ने विपत वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गरिने छ ।

2= पालिका र विद्यालय तहमा विपतको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ ।

3= आपतकालिन तथा संकटपूर्ण अवस्थामा बालबालिकालाई शिक्षाबाट बञ्चित हुन नदिनका लागि वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्नका लागि आवश्यक तयारी गरिनेछ ।

4= आपतकालिन तथा संकटपूर्ण अवस्थामा बालबालिकालाई हिंसा तथा शोसनबाट सुरक्षित गर्ने उपायहरु तर्जुमा गरिनेछ

5= विपत् तथा संकटको व्यवस्थापासँग सम्बन्धित गाउँपालिका स्तरीय संयन्त्र र मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ ।

6= विद्यालयको पूर्वाधार तयार गर्दा हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहने गरी निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने गरी कानुन बनाई कार्यान्यिन गरिने छ

7= विद्यालयमा सुरक्षित विद्यालय र विपत व्यवस्थापन सम्बन्धी सैद्धानितक एवं व्यावहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालयको वार्षिक कार्यतालिकामा राखीने छ ।

8= सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपत् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थय, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजीकरण प्रवन्ध गरिने छ ।

9= सामुदायिक सिकाइ केन्द्रलाई अवश्यक स्रोत र साधनको व्यवस्था गरी विपत् व्यवस्थापन सिकाइ केन्द्रका रुपमा समेत विकास गरिने छ ।

10= बाढीपहिरो, भूकम्प र महामारीको समयमा बिद्यालयको सट्टा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरुमा बहुउद्देश्यीय साझा घर निर्माण गर्ने कामलाई प्राथमिकता दिएर कार्यान्वयमा गरिने छ ।

11= पालिका, वडा र विद्यालयस्तरमा विपत्को समयमा शैक्षिक क्षेत्रमा सहयोग पुग्ने गरी स्थायी किसिमको विपत् व्यवस्थापन कोषको व्यवस्था गरिने छ ।

12= विद्यालय शान्ति क्षेत्र सम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी संगठनहरु र अन्य सामुदायिक क्षेत्र बिच समन्वय गर्दै यसप्रति सबैलाई

### ४.४.३ अपेक्षित उपलब्धिहरु

1= विद्यालय तथा समग्र शिक्षा प्रणलीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पूर्नउत्थानको योजना तथा  क्षमता विकास भएको हुने ।

2= सामान्य अवस्था र आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने । युद्ध, सामाजिक द्वन्द्व, हिंसा, बसाइसराइको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहति सिकाइको निरनतरता भएको हुने ।

3= बाढीपहिरो, भूकम्प र महामारीको समयमा विद्यालयलाई आश्रय बनाउने कार्यलाई निरुत्साहित गर्नका लागि संकटको समयमा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरुमा साझा घर निर्माण गरिएको हुने ।

### ४.४.४ मुख्य क्रियाकलापहरु

1= आपतकालिन तथा संकटपूर्ण अवस्थामा बालबालिकालाई शिक्षा प्रदान गर्नका लागि सूचना तथा प्रविधिका उपकरण, पाठ्यक्रम र अन्य भौतिक संयन्त्रको व्यवस्थापन गर्ने ।

2= आपतकालिन अवस्थामा शिक्षा प्रदानका लागि शिक्षेकलाई तालिम प्रदान गर्ने ।

3= आपतकालिन अवस्थामा बालबालिकालाई रेडियो, आनलाइन विधि र घुम्ती शिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने ।

4= आपतकालिन अवस्थामा बालबालिकालाई हिंसा र शोसनबाट बचाउन जनचेतनामूलक कार्यक्रम गर्ने ।

5= पालिका र विद्यालय तहमा विपतको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।

6= विपत् तथा संकटको व्यवस्थापनसँग सम्बन्धित गाउँपालिका स्तरीय संयन्त्र र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने ।

7= विद्यालयको पूर्वाधार तयार गर्दा हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहने गरी निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने गरी कानुन बनाई कार्यान्यन गर्ने ।

8= विद्यालयमा सुरक्षित विद्यालय र विपत व्यवस्थापन सम्बन्धी सैद्धानितक एवं व्यावहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालयको वार्षिक कार्यतालिकामा राख्ने ।

9= सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी विपत् व्यवस्थापन सिकाइ केन्द्रका रुपमा समेत विकास गर्ने

10= विद्यालय शान्ति क्षेत्र सम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी संगठनहरु र अन्य सामुदायिक क्षेत्र बिच समन्वय गर्ने ।

## ४.५ शिक्षामा भौतिक पूर्वाधार विकास

सुरक्षित पवन, कक्षा कोठा, शौचालय, खेलमैदान, खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हनु । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार विद्यालयमा भवन कक्षा कोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय, पुस्तकालय, बुक कर्नर, शिक्षक कक्ष, प्राध्यानाध्यापक कक्षा, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सवै विद्यालयलाई सुरक्षित एवं बालमैत्री विद्यालयको रुपमा विकास गर्नु पर्ने छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवं खेलकक्ष, विद्यालय सभाहल, बगैचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) के र कति आवश्यक हो पर्ने हो र पूर्वधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ ।

विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधाका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवं वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन । हालै मात्र बृहत रुपमा पुनर्निर्माणका क्रममा केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट विद्यालय निर्माणमा ४ ओटा मोडालिटी (विद्यालय व्यवथापन समितिबाट निर्माण हुने, ठेक्काबाट निर्माण हुने, दातृ निकायबाट निर्माण हुने गैर सरकारी संघसंस्थाबाट निर्माण हुने) अवलम्बन गरिएका छन् । विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कहीँ विवाद र कानुनी प्रश्न उठिरहेका छन् । शिक्षा मन्त्रालय अन्तर्गतको सबै भन्दा ठुलो बेरुजुको शिर्षक भवन निर्माणको रहेको छ । नेता, विद्यालय व्यवस्थापन समिति लगायत जनप्रतिनिधिहरुले समेत विद्यालयको अरुपक्षलाई भन्दा पनि पूर्वाधार निर्माणको पक्षलाई देखिने गरी महत्व दिएको पाइन्छ । तथापि पूर्वाधारहरु भने अपेक्षा गरे अनुसारका बन्न सकिरहेका छैनन् । रकम नपुगेर कतिपय पूर्वाधारहरु अधकल्चो अवस्थामा छन् । कतिपय पूर्वाधार निर्माणको कममा मुद्धा र उजुरीका कारण काम हुन नसकेका अवस्थाहरु पनि छन् । भवन निर्माण गर्ने सिलसिलामा भवन आचारसंहिताको पालना नभएका कारण धेरै जसो विद्यालयहरु सुरक्षित, लैङगिक र अपाङमैत्री बन्न सकेका छैनन् ।

पूर्वाधारका कार्यक्रम वितरणमा पनि न्याय नभएका आवाजहरु उठिरहेका छन् । कसैले कहिल्यै नपाउने र कसैले सँधै पाइरहने अवस्था भइरहेको गुनासो मर्कामा परेकाहरुले गरिरहेका छन् ।

वङ्गलाचुली गाउँपालिका केही विद्यालयमा अझै पनि पुस्तकालय, प्रयोगशाला, घेराबार, शैचालय, खेलमैदान, सभाहल जस्ता भौतिक सुविधा अपुग देखिन्छ । विद्यालय भवनहरु ऋपांगता मैत्री छैनन् । यस पालिकामा सुरक्षित विद्यालयको लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास, पूर्वाधार विकासका लागि गुरुयोजना निर्माण, आवश्यक स्रोतको प्रबन्ध, भौतिक पूर्वाधारहरु अपांगता मैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउने चुनैतिहरु विद्यमान छन् ।

### ४.५.१ उद्देश्यहरु

भौतिक पूर्वाधार विकासमार्फत गुणस्तरीय विद्यालय शिक्षामा सहयोग पुऱ्याउनु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित छन् :

1= विद्यालयको पूर्वाधार विकास कार्यमा संघिय सरकार, प्रदेश सरकार र स्थानीय गै.स.सं.सँग समन्वय र सहकार्य गर्नु ।

2= सबै विद्यालयमा न्यूनतम पूर्वाधार विकास र विस्तार गर्नु ।

3= भौतिक पूर्वाधार विकासका लागि तोकिएको मापदण्ड कार्यान्वयन गर्नु, गराउनु ।

### ४.५.२ रणनीतिहरु

1= विद्यालयको भौतिक विकास पूर्वाधारका लागि संघिय सरकार, प्रदेश सरकार र स्थानीय गै.स.सं.सँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गरिनछ ।

2= भूगोल, हावापानी, विद्यार्थी संख्या र लागतका आधारमा पूर्वाधार विकास सम्बन्धी मापदण्ड विकास गरिनेछ ।

3= विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा आवश्यक पर्ने भौतिक पूर्वाधारको आंकलन गरिनेछ ।

4= विद्यालय भवन कक्षा कोठा, शौचालय पुस्तकालय जस्ता भौतिक पूर्वाधारलाई अपांगतामैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाइनेछ ।

5= मागको आधारमा भन्दा वास्तविक आवश्यकताको पहिचान गरी पूर्वाधार निर्माण कार्य गर्ने र निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति, विश्वास र प्रतिबद्धताको वातावरण विकास गरिने छ ।

6= विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार रविभिन्न संघसंस्थासँग एकिकृत लागत साझेदारी गरिने छ ।

7= विद्यालयमा बालउद्यान निर्माण गरी वातावरणमैत्री विद्यालय विकास गरिनेछ ।

8= विद्यालयका भौतिक पूर्वाधारलाई विपत जोखिममुक्त बनाइनेछ ।

### ४.५.३ अपेक्षित उपलब्धिहरु

1= विद्यालयको भौतिक वातावरण सुरक्षित र बालमैत्री हुने ।

2= विद्यालयको भौतिक वातावरण अपांगतामैत्री र लैङ्गिकमैत्री हुने ।

3= सबै विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास हुने ।

### ४.५.४ मुख्य क्रियाकलापहरु

1= विद्यालयको भौतिक पूर्वाधारको अवस्था सम्बन्धी फिजिविलिटी अध्ययन गर्ने ।

2= कमजोर पूर्वाधार भएका विद्यालयहरुको पूर्वाधार विकासलाई प्राथमिकता दिने ।

3= संघिय र प्रदेश सरकार तथा गैर सरकारी संस्थाहरुसँग लागत साझेदारी गर्ने ।

4= विद्यालयका संरचनाको नियमित सम्भार गर्ने ।

5= विद्यालयका भौतिक संरचनालाई अपांगतामैत्री, बालमैत्री र लैङ्गिकमैत्री गराउने ।

6= विद्यालयका भौतिक संरचनाहरु विपत जोखिममुक्त बनाउने ।

7= पुर्वाधार विकासकालागि विषेश अनुदान प्राप्त गर्न पहल गर्ने ।

8= आवश्यकता अनुसार आवासिय विद्यालय स्थापना गर्ने ।

9= आवश्यकता अनुसार विद्यालय बसको व्यवस्था गर्ने ।

10= मापदण्ड अनुसार पुर्वाधार विकास गर्ने ।

## ४.६ शिक्षामा सूचना र प्रविधि

गुणस्तरिय शिक्षाका लागि सूचना प्रविधिको अत्ति आवश्यक छ । सूचना तथा सञ्चार प्रविधिले शिक्षण सिकाइमा सुधार ल्याउन, शिक्षामा सवैको पहुँच पुऱ्याउन र शिक्षाको व्यवस्थापकिय एवं शासकिय पद्धतिमा सुधार ल्याउन सहयोग गर्दछ ।

राष्ट्रिय शिक्षा नीति २०७६ मा सवै विद्यालय तथा शिक्षण संस्थाहरुमा सूचना तथा सञ्चार प्रविधिको संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाई तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु, आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति तयार गर्ने विषय उल्लेख गरिएको छ । त्यसैगरी विद्यालय क्षेत्रविकास कार्यक्रममा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगको लागि आवश्यक सामाग्री विद्यालयलाई उपलब्ध गराउने, नमूना विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकिकृत लेखा सफ्टवेयर (GAC) कार्यान्वयन गर्ने र एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने क्रियाकलापहरु रहेका थिए ।

कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार र प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइलाई सुधार गर्न, सिकाइलाई सान्दर्भिक गराउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग गर्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्विधिको सहयोग पुऱ्याउनु पर्दछ ।

विद्यालय शिक्षमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना २०१३-२०१७ निर्माण भई कार्यन्वयनसमेत भइरहेको अबस्था छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरु उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरुमा सञ्चार प्रविधि शिक्षा, जियोप्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र बिद्यालय क्षेत्रको सूचना तथा सञ्चार प्रविधि

शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ । नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बनधी नीतिहरु उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरुमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना गर्ने, कनेक्टिभिटी सम्बन्धी तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले दश हजार विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाले विकास तथा प्रयोग गर्ने शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरुमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रवन्ध गर्ने, सूचना प्रविधि विषयलाई पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरुमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म बनाउने, निरन्तर सिकाईको प्रवन्ध गर्ने सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणलीलाई डिजिटलाइज गर्ने शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रुपमा विकास गर्ने लगायतका कार्यक्रमहरु निर्धारण गरिएका थिए

बङ्गलाचुली गाउँपालिकाका विद्यालयहरुमा कम्प्युटर लगायतका सामाग्रीहरु उपलब्ध गराउने र इन्टेरटको कनेक्टिभिटीका केही कामहरु भएका छन् । तर विद्यालयमा प्रयाप्त सुविधा पुर्‍याउन सकिएको छैन् । सूचना र संचार प्रविधिलाई शिक्षण सिकाइमा प्रयोग गर्न विद्यालयहरु अत्यन्त कम छन् । प्रविधिका प्रभावकारी प्रयोगका लागि उपलब्ध जनशक्ति क्षमता अभिवृद्धि गर्न सकिएको छैन् । यस परिच्छेदमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी चुनौतीहरु सामना गर्नका लागि योजनाका उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु निर्धारण गरिएको छ ।

### ४.६.१ उद्देश्यहरु

विद्यालय सूचना र सञ्चार प्रविधि (ICT) को विस्तार गरी गुणस्तरीय शिक्षामा सुधार गर्न यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित छन् :

1= सूचना र सञ्चार प्रविधिको विस्तार गरी गुणस्तरीय शिक्षालार्य प्रवद्धन गर्नु ।

२. सूचना र सञ्चार प्रविधि मार्फत विद्यालयको भौतिक, आर्थिक र शैक्षिक गतिविधि पारदर्शी बनाउने ।
३. सूचना र सञ्चार प्रविधिको विस्तार गरी समग्र विद्यालय तथा शैक्षिक व्यवस्थापनमा सुधार ल्याउनु ।

### ४.६.२ रणनीतिहरु

१. सवै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत सुविधा तथा उपकरणको व्यवस्था गरिनेछ ।
२. स्थानीय तहमा एकीकृति शैक्षिक सूचना तथा सञ्चार प्रणालीको विकास गरिनेछ ।
३. सवै शिक्षक र कर्मचारीलाई सूचना तथा प्रविधि सम्बन्धी आधारभूत तालिम प्रदान गरिनेछ ।
४. पालिका भित्रका विभिन्न विद्यालयहरुमा विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामाग्री उपलब्ध गराई उचित प्रयोग गर्न व्यवस्था मिलाइनछे ।
५. सबै पाठ्यक्रम तथा पाठ्यसामाग्रीहरुको डिजिटल प्रति सहजै उपलब्ध हुने व्स्था गरिनेछ ।
६. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।
७. विद्यालयका प्रशासनिक, आर्थिक र शैक्षिक अभिलेख सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाइनेछ ।
८. सबै विद्यालयमा क्रमशः शैक्षिक व्यवस्थापन प्रणाली र लेखासम्बन्धी एकीकृत सफ्टवेयरको व्यवस्था गरिनेछ ।

### ४.६.३ अपेक्षित उपलब्धिहरु

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास हुने ।
२. सबै विद्यालयको शिक्षण सिकाइ र व्यवस्थापकीय कार्यमा सूचना तथा प्रविधिको प्रयोग गरेको हुने ।
३. वैकल्पिक शिक्षण सिकाइको अवसर उपलब्ध हुने ।
४. विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार हुने ।

### ४.६.४ मुख्य क्रियाकलापहरु

१. शिक्षा शाखामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली स्थापना गर्ने ।
२. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका सपकरणहरु उपलब्ध गराउने ।
३. सबै विद्यालयमा इन्टरनेट सेवा विस्तार गर्ने ।
४. शिक्षक तथा कर्मचारीलाई सूचना तथा प्रविधिको प्रयोग सम्बन्धी आधारभूत लालिम प्रदान गर्ने ।
५. शिक्षण सिकाईमा सूचना तथा प्रविधिको प्रयोग गर्ने ।

6= सबै विद्यालयको वेवसाइट निर्माण गरी व्यवस्थापकीय र शैक्षिक गतिविधि पारदर्शी बनाउने ।

7= विद्यालयमा एकिृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली र लेखा सम्बन्धी  सफ्टवेयरको व्यवस्था गर्ने ।

8= विद्यार्थी र शिक्षकलाई CUG सिम उपलब्ध गराउने र वैकल्पिक सिकाइ प्रवद्धन गर्ने ।

9= शिक्षा शाखाका हरेक कार्यलाई सूचना तथा सञ्चार प्रविधिमा अवद्ध गर्ने ।

10= पालिकाको शैक्षिक प्रोफाइल तयार गर्ने ।

## परिच्छेद : पाच

## संस्थागत संरचना, क्षमता विकास र अन्तर सम्वन्ध

नेपालको संविधान २०७२ ले नेपालमा तीन तहको सरकारको व्यबस्था गरे अनुसार कार्यान्वयन भइरहेको अवस्था छ । मुलुकमा अहिले एउटा सघीय सरकार, सातवटा प्रदेश सरकार र ७ सय ५३ वटा स्थानीय सरकारहरु रहेको अवस्था छ । तर अझै पनि संघीय शिक्षा ऐन र नियमावली जारी भएको छैन् । त्यसकारण प्रदेश र स्थानीय कानुनहरु तर्जमा गर्न बाधा उत्पन्न भएको छ । केन्द्रमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छ । यस मन्त्रालय अन्तर्गत विभाग तथा नियकाहरु छन् । त्यसैगरी जिल्ला स्थिर शिक्षा विकास तथा समव्नय इकाई रहेको छ । प्रदेशमा सामाजिक विकास मन्त्रालय छ । यस मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालय र तालिम केन्द्रहरु छन् ।स्थानीय तहमा शिक्षा शाखा रहेको छ । विद्यालयको प्राज्ञिक र प्रशासनिक प्रमुखको रुपमा रुकजना प्रधानाध्यापक रहने व्यवस्था छ । विद्यालय सञ्चालन, व्यवस्थापन र रेखदेख र्ग विद्यालय व्यवस्थापन समिति र विद्यालयको शैक्षिक गुणस्तर कायम भए नभएको सुनिश्चित गर्न शिक्षक अभिभावक संघ रहने व्यवस्था छ । यी समितिहरु शिक्षक नियुक्ति र पूर्वाधार निर्माणमा वढी सक्रिय तर शैक्षिक वातावरण सुधारमा प्रया निष्कृय छन् । त्यसैगरी प्र.अ., विद्यालय व्यवस्थापन समिति, शिक्षा समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम पनि ओझेलमा परेको छन् ।

संघीय संरचना अनुसार सबैले शिक्षा प्राप्तिको अधिकार सुनिश्चिततताका लागि अनुसूची ५,६,८ र ९ को व्यवस्था गरेको छ । जस अन्तर्गत अनुसूची ५ को बुँदा १५ ले सघको एकल शैक्षिक दायित्व तोकेको छ । अनुसूची ६ को बुँदा ८ ले प्रदेशको एकल शैक्षिक दायित्व उल्लेख गरेको छ । त्यस्तै अनुसूची ६ को बुँदा १८ ले भाषा, लिपि आदिलाई संघीय सरकार तथा प्रदेश सरकारको साझा जिम्मेवारीमा राखेको छ । अनुसूची ८ को बुँदा ८ ले स्थानीय सरकारको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक तहको शैक्षिक दायित्वको व्यवस्था गरेको छ । अनुसूची ९ को बुँदा २ ले स्थानीय सरकार, प्रदेश सरकार, तथा संघीय सरकारको साझा शैक्षिक दायित्व उल्लेख गरेको छ ।

वर्तमान अवस्था संघीय तहमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय शिक्षा, नीति, संघीय ऐन, नियम बनाउनुका साथै देशका लागि आवश्यक जनशक्ति निर्माणमा शिक्षा, क्षेत्रमा लगानीको वातावरण बनाउने कार्य गरेको छ । उच्चदेखि मध्यम तहसम्मको जनशक्ति विकास, पाठ्यक्रम विकास,

प्रमाणीकरण, व्यवस्थापन तथा नियमन गर्नका लागि संस्थागत संरचना विकास गरेको छ । संविधानले संघीय सरकार माताहत उच्च शिक्षातर्फ केन्द्रीय विश्व विद्यलायहरु र यससँग सम्बन्धित संकायहरु, आंगिक तथा सम्बन्धन प्राप्त क्यम्पसहरु, पाठ्यक्रमक विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्रहरु, विभिन्न आयोगहरु तथा कार्यालयहरु रहेका छन् । त्यसैगरी विद्यालय शिक्षातर्फ शिक्षा तथा मानवस्रोत विकास केन्द्र लगायत परीक्षा बोर्ड, शिक्षक सेवा आयोग, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र लगायत विभिन्न समिति, आयोगहरु क्रियाशील रहेका छन् ।

## ५.१ उद्देश्यहरु

विद्यालय शिक्षाको संस्थागत संरचना र क्षमता विकासमा सुधार गर्नु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित रहेका छन् :

1= विद्यालय शिक्षा सम्बन्धी आवश्यक नीति, कार्यविधि, नियमावली, कानुन तर्जुमा गरी संस्थागत संरचना मजवुत बनाउने ।

2= विद्यालय शिक्षक, प्र.अ. र विभिन्न प्रकारका समितिमा पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने ।

## ५.२ रणनीतिहरु

1= विद्यालय शिक्षा सम्बन्धी आवश्यक ऐन, नियमावली कार्यविधि तर्जुमा गरी संस्थागत संरचनालई सुदृढ गरिनेछ ।

2= संघ र प्रदेश सरकारसँगको समन्वय र सहअस्थित्वको आधारमा विद्यालय शिक्षाको संस्थागन संरचनाको विकास गरिनेछ ।

3= विद्यालय शिक्षाका विभिन्न समितिहरुमा समावेशितालाई सुनिश्चित गरिनेछ ।

4= विद्यालयका शिक्षक, कर्मचारी, प्र.अं र विभिन्न समितिहरुका पदाधिकारीहरुको क्षमता विकास गरी तालिम, अन्तरक्रिया र अवलोकन भ्रम(ाका कार्यक्रम सञ्चालन गरिनेछ ।

5= प्र.अ. को छनोट र नियुक्ति प्रकृयामा कार्यसम्पादन करार गरी विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार गरिनेछ ।

6= विद्यालय शिक्षाका जिम्मेवार जनप्रतिनिधि र पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाइनेछ ।

7= प्रधानाध्यापकलाई शिक्षक सहायता प्रणाली प्रति जिम्मेवारी बनाइनेछ ।

## ५.३ अपेक्षित उपलब्धिहरु

1= विद्यालय शिक्षाको संस्थागत संरचनामा सुधार हुने ।

2= प्र.अ. विभिन्न समितिका पदाधिकारीहरुको क्षमता विकास हुने ।

3= विद्यालय शिक्षाका मुख्य व्यक्ति तथा पदाधिकारीहरु जिम्मेवार र जवाफदेही हुने ।

## ५.४ मुख्य क्रियाकलापहरु

1= विद्यालय शिक्षा सम्बन्धी आवश्यक कानुन तर्जुमा गर्ने ।

2= प्रधानाध्यापकसँग कार्यसम्पादन करारको अध्यास गर्ने ।

3= शिक्षक सहायता प्रणाली विकास गर्ने ।

4= विद्यालय शिक्षा सम्बद्ध निकाय तथा पदाधिकारीलाई तालिम र अवलोकन भ्रमणको अवसर प्रदान गर्ने ।

## परिच्छेद : छ

## लगानी र स्रोत व्यवस्थापन

नेपालको संविधान २०७२ र विद्यामान कानुनको प्रावधान अनुसार आधारभूत शिक्षा अनिवार्य र निःशुल्क माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । विद्यालय शिक्षामा समतामुलक पहुँचको सुनिश्चित गर्नु सरकारको दाइत्व रहेको छ। यसका लागि स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन गरी शिक्षामा लगानी बढाउनुपर्ने दखिन्छ । शिक्षाको वित्तिय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साथै गै.स.सं., समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यक छ । नेपालको संविधानले समता र न्यायमा आधारित समाजबाद उन्मुख राज्यको परिकल्पना गरेको छ । विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, शिक्षामा समावेशीतता, जिवनपर्यन्त सिकाई र गुणस्तरीय सार्वजनिक शिक्षाका लागि शिक्षामा लगानी बढाउने आवश्यक देखिन्छ। विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन, टिकाउन र सिकाइका लागि आवश्यक प्रबन्ध मिलाउन थप लगानी आवश्यक छ।

यस योजनालाई कार्यन्वयनमा लैजान क्षेत्रगत लगानीका क्षेत्र र श्रोत व्यबस्थापनको संभाबित आकलन अपरिहार्य हुन्छ । तसर्थ संघीय सरकारबाट हुने लगानी, प्रदेश सरकारबाट हुने लगानी, पालिकाबाट हुने लगानीका साथै शिक्षा क्षेत्रमा लगानी गर्न इच्छुक गैर सरकारी संस्था, सामुदायिक संस्था, उद्योग तथा निजि श्रोत समेतको श्रोत आकलन गरिनु पर्दछ । देशको समुन्नतिका लागि सक्षम संसाधनको विकास गर्न जरुरी छ। त्यसका लागि आजका बालबालिकाको शिक्षामा लगानी गर्नुपर्ने हुन्छ।

राज्य सङ्घीय स्वरुपमा व्यवस्थापन हुँदै गर्दा सङ्घ, प्रेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्वको विषय बनेको छ। शिक्षामा आवश्यक पर्ने स्राते पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीको पक्ष उत्ति नै सक्षम हुन्छ र व्यवस्थित हुन्छ।

## ६.१ उद्देश्यहरु

1. शिक्षा क्षेत्रका लागि प्रयाप्त वित्तिय स्रोत जुटाउनु र स्रोतको प्रभावकारी व्यवस्थापन गर्नु ।
2. पहिचान गरिएका कार्यक्रमहरुको प्राथमिकता निर्धारण गरी  कार्यगत बजेत निर्धारण गर्नु ।
3. लगानीलाई नतिजामुखी बनाउनुको साथै वित्तिय सुशासन कायम गर्नु ।

## ६.२ रणनीतिहरु

1. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी पालिकाको भएकोले जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।
2. कानुनले तोके बमोजिम संघीय र प्रदेश सरकारसँग लागत साझेदारीमा आर्थिक दायित्व व्यहोरिनेछ ।
3. सुत्र र नतिजामा आधारित स्रोत विनियोजन पद्धतिलाई अङ्गीकार गरिनेछ ।
4. बजेट अभावलाई पुरा गर्न चन्दादाता र गैरसरकारी  संस्थालाई परिचालन गरनेछ ।
5. मापदण्डको आधारमा खर्च गर्ने पद्धतिको विकास गरिनेछ ।
6. आवश्यकता प्राथमिकीकरण गरेर मात्र खर्च गरिनेछ ।
7. शिक्षामा, समावेशीकरणलाई सुनिश्चित गर्न लगानी बढाइनेछ ।
8. विद्यालयहरुका समस्याहरुलाई प्राथमिकीकरण गर्न अनुसन्धानका गतिविधी सञ्चालन गरिनेछ ।
9. स्रोतको अभावलाई न्यून गर्न विशेष अनुदानको अवलम्बन गरिनेछ ।
10. सम्बद्ध सबै निकायहरुलाई पारदर्शी र जवाफदेही बनाई वित्तिय सुशासन कायम गरिनेछ ।

## ६.३ अपेक्षित अपलब्धीहरु

1. आवश्यक स्रोतको पहिचान र परिचालन हुने ।
2. वित्तिय सुशासन कायम हुने ।
3. लगानीले शिक्षामा समावेशीतालाई सुनिश्चित गर्ने ।

## ६.४ मुख्य क्रियाकलापहरु

1. योजनामा आधारित स्रोतको बाँडफाँड र लगानी गर्ने प्रणालीको स्थापना गर्ने ।
2. लगानीका लागि गैरसरकारीसँग साझेदारी गर्ने ।
3. स्रोत व्यवस्थापनका चन्दादाताको खोजी गर्ने ।

4= नतिजामा आधारित स्रोत विनयोजन पद्धति अवलम्वन गर्ने ।

5= विद्यालयमा लेखा सम्बन्धी सफ्टवेयर व्यवस्था गर्ने ।

6= आर्थिक ऐन नियमको पालनामा कडाई गर्ने ।

7= दोहोरो लेखा प्रणाली अवलम्वन गर्ने ।

8= लक्षित वर्ग सम्म पुग्ने गरी लगानी गर्ने ।

9= संघीय र प्रदेश सरकारले प्रदान गर्ने विभिन्न अनुदानहरुको खोजी गर्ने ।

10= गाउँपालिकाका बजेटमा शिक्षामा लगानी वृद्धि गर्ने ।

## परिच्छेद : सात

## योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन

शिक्षा क्षेत्रको विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्न अनुगमण र मूल्यांकन अपरिहार्य हुन्छ । व्यवस्थापन निकायहरुबाट कार्यक्रम कार्यान्वयनको निरीक्षण, सुपरिवेक्षण एवम् जाँचबुझ गर्नुलाई अनुगमण भनिन्छ । अनुगमणले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको जानकारी गराउँछ । शैक्षिक कार्यक्रमको सान्दर्भिकता र प्रभावकारीताको सन्दर्भमा जाँचबुझ र लेखाजोखा गर्ने कार्यलाई मूल्यांकन भनिन्छ । स्थानीय तहमा गाउँपालिकाका जनप्रतिनिधि, पदाधिकारी, कर्मचारी, समाजसेवी र गैरसरकारी संस्थाका प्रतिनिधिहरुबाट अनुगमण गर्न अपरिहार्य छ ।मौजुदा अनुगमन तथा मूल्याङ्कन व्यवस्था अपेक्षित रुपमा नतिजामुलक तथा प्रभावकारी हुन नसकेको कारणले शैक्षिक कार्यक्रम तथा योजना कार्यान्वयन समेत वाञ्छित रुपमा प्रभावकारी हुन नसकेको अवस्था छ । त्यसैले अनुगमन तथा मूल्याङ्कन प्रक्रिया संरचनालाई परिमार्जन गर्दै नतिजामुलक, नियमित, भरपदों र संस्थागत वनाई शैक्षिक आयोजनाको कार्यान्वयनमा प्रभावकारीता ल्याउनु प्रमुख चुनौतिको रुपमा रहेको छ । । अनुगमन कार्य प्रभावकारी हुन नसक्दा सिकाइ उपलब्धि वृद्धि गर्न नकारात्मक असर परेको छ । तथ्याङ्कको अभावले गर्दा योजना निर्माणमा वास्तविकताको नजिक पुग्न कठिन भएको छ । केन्द्रमा समयमा पठाउनु पर्ने अनुगमन प्रतिवेदन ढिलो गरी पठाउँदा कार्यसम्पादन स्तरमा समस्या भोग्नु परेको छ ।

### ७.१ उद्देश्यहरु :

1= विद्यालय अनुगमण र मूल्यांकनलाई प्रभावकारी बनाउनु ।
2= कार्यान्वयनलाई उत्तरदायी र जवाफदेही बनाउनु ।
3= लगानीलाई पारदर्शी र नतिजमुखी बनाउनु ।
4= शैक्षिक कार्यक्रमको प्रगतिको लेखाजोखा गर्नु ।

### ७.२ रणनीतिहरु :

1= विद्यालय शिक्षा सम्वद्ध व्यक्ति, निकाय र पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।
2= विद्यालय शिक्षा सम्वद्ध जिम्मेवार व्यक्ति तथा पदाधिकारीहरुलाई उत्तरदायी र नतिजाप्रति जवाफदेही बनाइनेछ ।

3= सार्वजनिक सुनुवाई, सरोकारवालाहरुको वीचमा नियमित बैठक, भेटघाट र अन्तरक्रिया, सामाजिक लेखापरीक्षण आदिको माध्यमबाट शिक्षाका गतिबिधीलाई तथ्यपरक बनाई सेवाग्राहीको पहुँचमा पुऱ्याईने छ ।

4= संघ र प्रदेश सरकार र गैसससँग समन्वय र सहकार्य गरिनेछ ।

5= वार्षिक कार्यक्रममा राखिएका लक्ष्यहरुको उपलब्धिलाई स्थिति प्रतिवेदन र वित्तीय अनुगमन प्रतिवेदनको आधारमा मूल्याङ्कन गरी प्रगति अनुगमनका प्रमुख आधारका रुपमा अवलम्बन गरिने छ ।

6= विद्यालय शिक्षाको शासकीय र व्यवस्थापनमा सहभागी हुने सवै निकाय, पदाधिकारी तथा व्यक्तिहरुको दायिन्व र अधिकार स्पष्ट पारिनेछ ।

7= विद्यालय शिक्षा सम्बन्धी आवश्यक कानुन तर्जुमा गरिनेछ ।

8= अनुगमन र मूल्यांकनलाई विद्यालय सुधारको एक महत्वपूर्ण तत्वको रुपमा स्वीकार गरी शैक्षिक कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गरिनेछ ।

## ७.३ अपेक्षित उपलब्धीहरु :

1= विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन हुने ।

2= बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने ।

## ७.४ मुख्य क्रियाकलापहरुः

1= विद्यालय शिक्षा सम्बन्धी आवश्यक कानुन तर्जुमा गर्ने ।

2= सवै विद्यालयहरुले तथ्यांकहरु राख्ने ।

3= बिद्यालय तथा शिक्षकलाई दण्ड र पुरस्कारको व्यबस्था ।

4= अनुगमन सम्वन्धी योजना निर्माण र कार्यन्वयन

5= शैक्षिक योजनाहरु निर्माण, अध्याबधिक र कार्यन्वयन

6= शैक्षिक क्यालेण्डर तथा बुलेटिनको नियमित प्रकाशन

7= बिद्यालयहरुले नियमित रुपमा तथ्याङ्को बिकास तथा अध्याबधिक गर्ने ।

8= विद्यालय सम्वद्ध निकाय तथा पदाधिकारीहरुको क्षमता विकास गर्ने ।

9= अधिकार, जिम्मेवारी र कामको बाँडफँड गर्ने ।

10= विद्यालयका सबै शैक्षिक, आर्थिक र भौतिक तथ्यांकको E Copy राख्ने ।

11= अनुगमण तथा मूल्यांकनका लागि कर्मचारीको व्यवस्था गर्ने ।

12= अनुगमण तथा मूल्यांकनको कार्यविधि तयार गर्ने ।

13= अनुगमणमा जनप्रतिनिधि, समाजसेवी र विभिन्न समितिका पदाधिकारीहरुलाई जिम्मेवार बनाउने ।

14= अनुगमण  र मूल्यांकनको प्रतिवेदन तयार गर्ने ।

## सन्दर्भ सामग्रीहरु

. राष्ट्रिय जनगणना २०६८ का नतिजाहरु, केन्द्रिय तथ्याङ्क बिभाग काठमाडौ ।

पन्ध्रौ पञ्चबर्षिय योजना २०७६/०७७-२०८०/८१, राष्ट्रिय योजना आयोग काठमाडौ ।

. शिक्षा क्षेत्र योजना कार्यढाँचा २०७७, शिक्षा तथा मानव श्रोत बिकास केन्द्र, भक्तपुर ।

नेपालको संबिधान २०७२, कानुन किताव व्यबस्था समिति, काठमाडौ ।

विद्यालय क्षेत्र विकास कार्यक्रम(२०७३-२०८०), शिक्षा तथा मानव श्रोत बिकास केन्द्र, भक्तपुर ।

कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७/०७८, शिक्षा तथा मानव श्रोत बिकास केन्द्र, भक्तपुर । दिगो बिकास लक्ष २०१७-२०३०, राष्ट्रिय योजना आयोग काठमाडौ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, पाठ्यक्रम बिकास केन्द्र काठमाडौ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौ ।

शिक्षा ऐन संसोधन सहित २०२८, कानुन किताव व्यबस्था समिति, काठमाडौ ।

शिक्षा नियमावली २०५९ संसोधन सहित, कानुन किताव व्यबस्था समिति, काठमाडौ ।

निशुल्क तथा अनिबार्य शिक्षा ऐन २०७५ काठमाडौ । . नेपाल सरकार, शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास योजना वि.सं. २०७३।०७४- २०७९।०८०, सिंहदरबार, काठमाडौं, नेपाल ।

. श्रेष्ठ, नारायण (२०७४), स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौं, नेपाल, पैरवी प्रकाशन ।

. राष्ट्रिय योजना आयोग (फागुन २०७६), पन्ध्रौं योजना (२०७६।०७७-२०८०।८१), सिंहदरबार, काठमाडौं, नेपाल ।